राष्ट्रिय दैनिक
# सिटी पोष्ट
City Post National Daily

का.जि.का.द.नं. ३४/०६१/६२



फिल्म 'मितज्यू' पेज ८

वर्ष २२ अंक १५६ काठमाडौं सोमबार १८ फागुन २०८२ City Post National Daily , Monday, March 2, 2026 url : www.citypostdaily.com पष्ठ ८ मूल्य रु. ५।-

# खाढी मुलुकमा रहेका १७ लाखभन्दा बढी नेपाली नागरिकलाई सुरक्षा निर्देशन कडाइका साथ पालना गर्न नेपाल सरकारको आग्रह

■ नेत्रप्रसाद न्यौपाने



काठमाडौँ, १७ फागुन । मध्यपूर्व क्षेत्रमा चुलिँदै गएको सैन्य तनावका बीच नेपाल सरकारले त्यहाँ रहेका १७ लाखभन्दा बढी नेपाली नागरिकको सुरक्षालाई उच्च प्राथमिकतामा राखेको जनाएको छ। पछिल्लो विकसित घटनाक्रमलाई ध्यानमा राख्दै सरकारले सम्बन्धित मुलुकले जारी गरेका सुरक्षा निर्देशन कडाइका साथ पालना गर्न आग्रह गरेको छ ।

परराष्ट्र मन्त्रालयले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकालले हालसम्म मध्यपूर्व क्षेत्रमा रहेका नेपाली नागरिक सुरक्षित रहेको जानकारी दिनुभयो । "नेपाल सरकारले घटनाक्रमलाई नजिकबाट नियालिरहेको छ । सम्बन्धित देशका सुरक्षा सूचनाहरू नियमित रूपमा अध्ययन गरी त्यहीअनुसार सतर्कता अपनाउन हामी सबैलाई अनुरोध गर्दछौं," उहाँले भन्नुभया ।मध्यपूर्वको तनाव संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि संयुक्त रूपमा सैन्य आक्रमण गरेपछि र त्यसको प्रत्युत्तरमा इरानले प्रतिआक्रमण गरेपछि तीव्र बनेको हो ।

इरानले यूएईलाई लक्षित गरी गरेको पछिल्लो हवाई आक्रमणमा परी एक नेपाली नागरिकसहित तीन जनाले ज्यान गुमाएका छन् । यूएईका लागि नेपाली राजदूत तेज बहादुर क्षेत्रीले एक नेपालीको मृत्यु भएको जानकारी दिनुभएको छ । यद्यपि मृत्यु हुनेहरूको परिचय भने मन्त्रालयले खुलाएको छैन ।

यस घटनाले क्षेत्रीय सुरक्षा अवस्था अस्थिर बनाएको छ, जसको प्रत्यक्ष प्रभाव त्यहाँ कार्यरत वा बसोबास गर्दै आएका लाखौं विदेशी कामदारमा पर्न सक्ने आकलन गरिएको छ ।सरकारले आपत्कालीन अवस्था व्यवस्थापनका लागि 'र्‍यापिड एक्सन टिम' गठन गर्ने तयारी गरिरहेको जनाएको छ । सहसचिव ढकालका अनुसार सम्भावित जोखिम न्यूनीकरण र आवश्यक परे उद्धार तथा समन्वयका काम छिटो र प्रभावकारी बनाउन यस्तो संयन्त्र सक्रिय गरिनेछ ।मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले पनि नेपाली नागरिकको सुरक्षाका लागि दूतावासहरूमार्फत नियमित समन्वय भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार प्रभावित क्षेत्रअन्तर्गतका आठ वटा नेपाली दूतावास र दुई कन्सुलर सेवाले संयुक्त रूपमा सूचना प्रवाह तथा आवश्यक सहयोगका कार्य गरिरहेका छन् ।मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी श्रेष्ठले त्यहाँ रहेका नेपाली नागरिकलाई घरभित्रै सुरक्षित रहन, भीडभाडबाट टाढा बस्न र आधिकारिक स्रोतबाट जारी सूचना पालना गर्न आग्रह गरिएको बताउनुभयो ।

मन्त्रालयले जारी गरेको 'एडभाइजरी'मा भनिएको छ "सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, अनावश्यक यात्रा नगर्नुहोस् र आफू बसोबास गरेको स्थानको नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस् ।" साथै, काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, तेल अविवस्थित नेपाली दूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग सम्पर्कमा रहन आग्रह गरिएको छ ।उपलब्ध तथ्यांकअनुसार मध्यपूर्व र आसपासका देशहरूमा

बाँकी सातौं पृष्ठमा



यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मनाङ सदरमुकाम चामे गाउँपालिका-५ स्थित भक्तपुरमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी संयुक्त रुपमा सुरक्षा गस्ती गर्दै ।
तस्बिरः नवीन लामिछाने/रासस

# निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न संयोजक प्रचण्डको आग्रह

■ - धनमाया क्षेत्री



काठमाडौँ, १७ फागुन । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा राजनीतिक दलहरूले जनतामाझ आफ्ना एजेण्डा र अपिल प्रस्तुत गरिरहेका बेला नेपाली कम्युनिष्ट पार्टी का संयोजक प्रचण्डले निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न सार्वजनिक आग्रह गर्नुभएको छ । आइतबार संयोजक प्रचण्डले फागुन २१ गते हुने निर्वाचनलाई लोकतान्त्रिक प्रक्रियाको महत्वपूर्ण परीक्षा भन्दै सबै पक्षलाई जिम्मेवार र संयमित भूमिका निर्वाह गर्न आह्वान गर्नुभएको हो ।

भिडियो सन्देशमार्फत आमजनसमुदायलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले निर्वाचन केवल राजनीतिक प्रतिस्पर्धा मात्र नभई लोकतन्त्र सुदृढीकरणको माध्यम भएको उल्लेख गर्नुभयो । उहाँले राजनीतिक दल, उम्मेदवार, सुरक्षाकर्मी तथा मतदाता सबैले आफ्नो-आफ्नो दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।"निर्वाचन सफल हुनु भनेको लोकतान्त्रिक प्रणालीप्रतिको विश्वास मजबुत हुनु हो," भन्ने आशय व्यक्त गर्दै उहाँले मतदातालाई भयरहित वातावरणमा मतदान गर्न आग्रह गर्नुभयो ।

आफ्नो सन्देशमा संयोजक प्रचण्डले 'जेनजी आन्दोलन'पछिको अनिश्चित राजनीतिक अवस्थालाई स्मरण गर्नुभयो । आन्दोलनपछिको संक्रमणकालीन अवस्थालाई व्यवस्थापन गर्न अन्तरिम सरकार गठनका लागि सहजीकरण गरिएको तथा ताजा जनादेशको पक्षमा आफ्नो दलले स्पष्ट अडान लिएको उहाँको भनाइ थियो ।

राजनीतिक अस्थिरताबाट निकासका रूपमा निर्वाचनलाई अघि बढाइएको उल्लेख गर्दै उहाँले देशलाई निर्वाचनसम्म ल्याउन आफ्नो दलले खेलेको भूमिकाको मूल्याङ्कन इतिहासले गर्ने बताउनुभयो ।

बाँकी सातौं पृष्ठमा

# निर्वाचनकालागि सुरक्षा तयारी पूरा भएको गृहमन्त्रीको दाबी

■ - मिना कुमारी यादव



काठमाडौँ, १७ फागुन । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा सरकारका तर्फबाट सुरक्षा तयारी पूर्ण भएको दाबी गरेको छ । निर्वाचनलाई स्वच्छ, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने प्रतिबद्धता दोहोर्‍याउँदै गृहमन्त्री ओमप्रकाश अर्यालले राज्यका सबै सुरक्षा संयन्त्र उच्च सतर्कताका साथ परिचालित रहेको स्पष्ट गर्नुभएको हो । यससँगै, विगतका निर्वाचनहरूमा झैँ यसपटक पनि मतपत्रको सुरक्षा, ढुवानी तथा मतपेटिका सुरक्षित रूपमा गणनास्थलसम्म पुर्‍याउने कार्यमा नेपाली सेना ले समन्वित भूमिका निर्वाह गर्ने जनाएको छ ।

बाँकेको नेपालगञ्जमा आयोजित पत्रकार सम्मेलनमा गृहमन्त्री अर्यालले निर्वाचनका लागि आवश्यक सम्पूर्ण सुरक्षा तयारी पूरा भएको जानकारी दिनुभयो । उहाँका अनुसार मतदाताले निर्धक्क रूपमा मतदान गर्न पाउने संवैधानिक अधिकार सुनिश्चित गर्न सरकार दृढ छ ।

निर्वाचनको मिति नजिकिँदै जाँदा विभिन्न जिल्लामा सुरक्षा संयन्त्रको अवस्थाबारे प्रत्यक्ष जानकारी लिन उहाँ स्वयं स्थलगत भ्रमणमा निस्कनुभएको हो । बाँके जिल्ला सुरक्षा समिति, प्रमुख जिल्ला अधिकारी तथा मुख्य निर्वाचन अधिकृतसँग छलफलपछि मन्त्री अर्यालले स्थानीय तहमा तयारी सन्तोषजनक रहेको बताउनुभयो ।

"निर्वाचन लोकतन्त्रको आधार हो, त्यसलाई अवरोध गर्ने कुनै पनि गतिविधि सह्य हुँदैन," उहाँको भनाइ थियो ।

उहाँले मतदान प्रक्रियामा अवरोध पुर्‍याउने वा अस्थिरता सिर्जना गर्ने समूहलाई कानुनी दायरामा ल्याइने चेतावनी पनि दिनुभयो ।गृहमन्त्रीले केही असन्तुष्ट समूहबाट निर्वाचन बिथोल्ने प्रयास हुन सक्ने संकेत गरे पनि त्यस्ता गतिविधि नियन्त्रणमा लिन सुरक्षा निकाय सक्षम रहेको दाबी गर्नुभयो । हालैका केही आन्दोलन र गतिविधिप्रति संकेत गर्दै उहाँले घटनाहरूको विस्तृत अध्ययन भइरहेको र आवश्यक परे थप कानुनी प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो ।यस प्रसङ्गमा उहाँले देशव्यापी रूपमा सुरक्षा अवस्था सुदृढ रहेको उल्लेख गर्नुभयो ।

बाँकी सातौं पृष्ठमा

सडक प्रयोग गर्दा ध्यान दिऔं।

❖सडक सीमा अतिक्रमण नगरौं।
❖सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
❖सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
❖सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
❖सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
❖सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
❖सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
❖जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
❖सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# मध्यपूर्व तनाव र नेपालीको सुरक्षा

मध्यपूर्व फेरि एकपटक अस्थिरताको चपेटामा परेको छ । संयुक्त राज्य अमेरिका र इजरायल ले इरान माथि संयुक्त सैन्य आक्रमण गरेपछि र त्यसको प्रत्याक्रमण इरानबाट भएपछि क्षेत्रीय तनाव तीव्र बनेको हो । लामो समयदेखि भू-राजनीतिक प्रतिस्पर्धा, सुरक्षा चासो र शक्ति सन्तुलनको केन्द्र बनेको यो क्षेत्र फेरि एकपटक युद्धको छायामा पुगेको संकेत देखिएको छ ।

यस तनावको प्रत्यक्ष प्रभाव केवल सम्बन्धित देशहरूमा मात्र सीमित रहँदैन । ऊर्जा आपूर्ति, अन्तर्राष्ट्रिय व्यापार, श्रम बजार र कूटनीतिक सम्बन्धमार्फत यसको प्रभाव विश्वव्यापी हुन्छ । नेपाल जस्तो श्रम निर्यातमा निर्भर देशका लागि त यसको प्रभाव अझ संवेदनशील हुन्छ, किनकि मध्यपूर्वमा करिब १७ लाखभन्दा बढी नेपाली कार्यरत छन् ।यही पृष्ठभूमिमा नेपाल सरकारले मध्यपूर्वमा रहेका नेपाली नागरिकलाई सम्बन्धित मुलुकका सुरक्षा निर्देशन कडाइका साथ पालना गर्न र सुरक्षित स्थानमा रहन आग्रह गरेको छ। सरकारको यो अपिल समयसापेक्ष र आवश्यक कदम हो । तर अपिल मात्र पर्याप्त हुँदैन व्यावहारिक तयारी, समन्वय र द्रुत प्रतिक्रिया प्रणाली पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।नेपालको अर्थतन्त्रमा विप्रेषण (रेमिट्यान्स) को ठूलो हिस्सा मध्यपूर्वबाट आउने गर्छ। साउदी अरेबिया, कतार, यूएई, कुवेत जस्ता देशहरूमा लाखौं नेपाली रोजगारीमा छन् । क्षेत्रीय अस्थिरताले रोजगारी, बसोबास र यातायात प्रणालीमा असर पार्न सक्छ । चरम अवस्थामा द्वन्द्व विस्तार भएमा नेपाली नागरिकको उद्धारको विषय समेत जटिल बन्न सक्छ ।यसअघि पनि खाडी क्षेत्र वा अन्य द्वन्द्वग्रस्त मुलुकहरूमा समस्या उत्पन्न हुँदा नेपालले उद्धार अभियान सञ्चालन गर्नुपरेको उदाहरण छ । ती अनुभवहरूले देखाएका छन् कि संकटको समयमा दूतावासको सक्रियता, विश्वसनीय सूचना प्रवाह, आपतकालीन सम्पर्क प्रणाली र आवश्यक परे समन्वित उद्धार योजना अनिवार्य हुन्छ । अहिलेको अवस्थामा सरकारले सम्भावित जोखिम मूल्याङ्कन गरी आवश्यक परे 'कन्टिजेन्सी प्लान' तयार राख्नुपर्छ ।साथै, विदेशमा रहेका नेपाली नागरिकले पनि सजगता अपनाउनु आवश्यक छ । सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचनाले अनावश्यक त्रास सिर्जना गर्न सक्छ। आधिकारिक स्रोतबाट आएको निर्देशन मात्र पालना गर्नु, भीडभाड र संवेदनशील स्थानबाट टाढा रहनु तथा दूतावाससँग सम्पर्कमा रहनु जस्ता उपाय अत्यन्त महत्वपूर्ण छन् ।

यो संकटले नेपाललाई अर्को महत्वपूर्ण सन्देश पनि दिन्छ। हाम्रो वैदेशिक रोजगार नीतिलाई विविधीकरण गर्नुपर्ने आवश्यकता । सीमित भौगोलिक क्षेत्रमा अत्यधिक निर्भरता हुँदा त्यहाँको राजनीतिक वा सुरक्षा संकटले प्रत्यक्ष रूपमा हाम्रो अर्थतन्त्र र नागरिक सुरक्षामा प्रभाव पार्छ। दीर्घकालीन रूपमा श्रम गन्तव्य विविधीकरण, सीप अभिवृद्धि र स्वदेशमै रोजगारी सिर्जना गर्ने नीतिमा बल दिनु अपरिहार्य छ । मध्यपूर्वको वर्तमान तनाव कहिलेसम्म र कति गहिरो हुन्छ भन्ने स्पष्ट छैन । तर नेपालका लागि प्राथमिकता स्पष्ट हुनुपर्छ । विदेशमा रहेका आफ्ना नागरिकको सुरक्षा। सरकारको सतर्कता, दूतावासहरूको सक्रियता र नागरिकको जिम्मेवार व्यवहार मिलेर मात्र सम्भावित जोखिम न्यूनीकरण गर्न सकिन्छ।

विश्व राजनीति जति जटिल भए पनि नेपाली नागरिकको जीवन र सुरक्षाभन्दा ठूलो विषय अरू हुन सक्दैन । अहिलेको संवेदनशील घडीमा संयमता, तयारी र प्रभावकारी समन्वय नै हाम्रो सबैभन्दा बलियो सुरक्षा कवच हुनेछ ।

## आजको राशिफल

- मष : आजको लाभांश सुरक्षित नहुन सक्छ। सरसापटमा खर्चानुपर्ला।
- वष : मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्ने छ।
- मिथुन : विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।
- ककट : नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। आफ्नै रुचिका विषयमा लगानी बढाउन सकिनेछ।
- सिंह : व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।
- कन्या : सामान्य फाइदा भइरहे पनि ठूलो भागको आशा राख्दा सुनिश्चित आम्दानीसमेत गुम्न सक्छ।
- तुला : ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। स्वास्थ्यका कारण चिताएको काम रोकिन सक्छ।
- वश्चिक : कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला।
- धनु : अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। बाध्यात्मक परिस्थितिले अलमल्याउनेछ।
- मक : काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ।
- कुम्भ : हतारको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला।
- मीन : कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला।

# मौनअवधिमा विशेष निगरानीको व्यवस्था गरिएको छ -आयुक्त राणा

काठमाडौं, १७ फागुन(रासस) ।: निर्वाचन आयुक्त सगुन शम्शेर राणाले निर्वाचनको मौनअवधिमा हुनसक्ने चलखेललाई रोक्न विशेष निगरानीको व्यवस्था गरिएको बताउनुभएको छ ।

उहाँले निर्वाचनमा मौनअवधि प्रचारप्रसार गरेर थाकेका उम्मेवारलाई थकाइ मार्न र शान्त रहन तथा मतदातालाई पनि सोच विचार गरी स्वतन्त्र रूपमा उम्मेदवार छनोट सम्बन्धमा निर्णय प्रदान गरिएको समय भएकाले निर्वाचन आचारसंहिताविपरीतका कुनै कार्य नगर्न अपिल गर्नुभएको छ । आयुक्त राणाले भन्नुभयो, "मौनअवधिमा निर्वाचन आचारसंहिताविपरीत राजनीतिक दल र उम्मेदवारले मतदातालाई प्रभावमा पार्छन् कि भन्ने पाटोमा आयोग सचेत छ। कानुनविपरीतका गतिविधि रोक्न जिल्ला अनुगमन अधिकृत र सुरक्षा निकाय परिचालन गरी विशेष निगरानीको व्यवस्था मिलाइएको छ ।"

लोकतन्त्रको आधारस्तम्भ र प्राण वायुका रूपमा रहेको अवधिक निर्वाचन यस पटक भने गत भदौ २३ गते भएको जेनजी पुस्ताको आन्दोलनका जग र उपलब्धिका रूपमा हुँदैछ । निर्वाचनको आवधिक अभ्यासबाटै देशको लोकतन्त्र सुदृढ हुन्छ भन्ने मान्यता राखिन्छ ।लोकतान्त्रिक राज्य व्यवस्थालाई जीवन्त बनाउन आवधिक निर्वाचन, राजनैतिक संस्कृतिरलोकतान्त्रिकसंस्कारलाई आधारस्तम्भका रूपमा लिने गरिएको छ। जनताको व्यापक सहभागितामा हुने स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित वातावरणमा सम्पन्न निर्वाचनले मात्र देशले असल नेतृत्व प्राप्त गर्ने र त्यसमार्फत जनचाहनाअनुरूप सुशासन, विकास र समृद्धिको यात्रा अघि बढ्न सक्ने विश्वास गरिन्छ ।

यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी र समग्र शान्ति सुरक्षाको अवस्थालगायत विषयमा निर्वाचन आयुक्त राणासँग राससका प्रमुख समाचारदाता नारायण न्यौपानेले लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश :

**- आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान आउन केही दिन मात्रै बाँकी छ । निर्वाचनको तयारी र शान्ति सुरक्षाको अवस्था कस्तो छ ?**

निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । सुरक्षा व्यवस्थापनमा करिब तीन लाख ४२ हजार सुरक्षाकर्मी परिचालन भइसकेका छन् । त्यहीअनुपातमा कर्मचारी पनि अहोरात्र खटिएका छन् । मतपत्र सबै स्थानमा निर्वाचन क्षेत्रमा पुऱ्याइ सकिएको छ । सुरक्षा संयन्त्र सबै मतदान केन्द्र र स्थलका लागि खटिसकेको अवस्था छ। केही दिनभित्रै मतदानस्थल बनाइन्छ । यसबीचमा मतदान अधिकृतहरूको तालिम सम्पन्न भइसकेको छ। उहाँहरू सम्बन्धित स्थानमा पुगिसक्नुभएको छ । मतदातालाई कसरी निर्वाचनमा सभ्य तरिकाले मतदान गर्ने, बदर मत घटाउने भन्ने पक्षमा पनि हामी लागि रहेका छौं । आचारसंहिता अनुगमनको पनि तीव्र तरिकाले गति बढी रहेको छ । राजनीतिक दल र उम्मेदवार पनि निर्वाचनको प्रतिस्पार्धा तयारी हुनुहुन्छ । चुनाव प्रचारप्रसार उच्च विन्दुमा पुगेको छ । निर्वाचन सम्पन्न गर्न हामी पूर्ण रूपमा तयारीमा छौं, कुनै समस्या छैन ।

**-निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित तुल्याउन निर्वाचन आयोग र सरकारबीच समन्वय कसरी भइरहेको छ ?**

यसमा पनि सुरक्षा निकायको विषय आउँछ, नेपाल सरकारको गृहमन्त्रीको अध्यक्षतामा सातवटै प्रदेशमा निर्वाचन सुरक्षा गोष्ठी सम्पन्न भयो । आयोगका तर्फबाट निर्वाचन सुरक्षा समितिको संयोजकका हैसियतले धेरै पटक समितिको बैठक बसालेर



निर्वाचनमा आउन सक्ने सुरक्षा चुनौतीको विश्लेषण गरी आवश्यक सम्बोधन गरिसकेको अवस्था छ। नेपाल सरकारसँग अत्यन्त प्रभावकारी समन्वय भइरहेको छ । वर्तमान सरकारको मुख्य जिम्मेवारी र कार्यादेश नै निर्वाचन हो । निर्वाचन आयोगको पनि मुख्य जिम्मेवारी निर्वाचन सञ्चालन, रेखदेख र नियमन गर्ने हो । त्यसकारण सरकार र आयोग दुवै पक्ष निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न प्रतिबद्ध छ ।

**-आसन्न निर्वाचन प्रचारप्रसारका हिसाबले उच्च विन्दुमा पुगेको छ। राजनीतिक दल र उम्मेदवारले यस बेला केकस्ता विषयमा बढी ध्यान पुऱ्याउन आवश्यक छ ?**

राजनीतिक दल र उम्मेदवारबाट निर्वाचन आचारसंहिताको पूर्ण पालना होस् भन्ने हाम्रो मुख्य अपेक्षा हो । पर्सि १८ गते बेलुकीदेखि मौनअवधि अर्थात् स्थिर समय सुरु हुन्छ। विगतका निर्वाचनमा प्रचारप्रसारका बेला भौतिकरूपमा आचारसंहिता उल्लङ्घनका घटना बढी देखिन्थे। भित्ते लेखन, निर्वाचन चिह्न अङ्कित टोपी र सर्टजस्ता सामग्रीको प्रयोग घटेको छ। तर सामाजिक सञ्जालमा आचारसंहिता उल्लङ्घन बढेको छ । त्यसलाई नियन्त्रण गर्न आयोगले सामाजिक सञ्जाल प्लेटफर्महरू, साइबर ब्यूरो र अरु सुरक्षा निकायको प्राविधिक र प्रविधि प्रयोग तथा समन्वयमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वासिलो तुल्याउन लागि आयोग लागि परेको छ । आयोगको अपेक्षा उम्मेदवार र राजनीतिक दल पनि एक अर्कामा आरोप प्रत्यारोप नगरुन् भन्ने छ। निर्वाचनलाई स्वच्छ वातावरणमा सम्पन्न गर्न लागि परौं, त्यसका लागि सभ्य तरिकाले निर्वाचन प्रचारप्रसार गरौं भन्ने छ ।

**-मतदाता शिक्षाका विषयमा केकस्तो प्रतिक्रिया प्राप्त भएको छ ?**

मतदाता शिक्षा भर्खरै सुरु गरिएको छ । मतदाता शिक्षाको घरदैलो कार्यक्रम प्रचलित थियो । अघिल्लो निर्वाचनमा रोकियो । अमुक उम्मेदवार र दलले आफ्नो मात्रै प्रचार गरेको भन्ने गुनासो आयो । नेपाल सरकारको पैसा लक्षित उद्देश्यमा प्रयोग भएन भन्ने गुनासोपछि त्यस बेला रोकियो । तर अहिले आममतदाताबाट फेरि ज्यादै माग भएपछि मतदाता शिक्षामा स्थानीय गाउँबस्तीसम्म पुग्नेगरी स्वयंसेविका खटाएर प्रचारप्रसार गरिएको छ, पक्कै यस पटक त्यसको नतिजा राम्रै आउँला । निर्वाचनपछि मात्रै थाहा हुन्छ, बदरमतको प्रतिशत कति घट्यो भन्ने तर अहिले त्यसको प्रतिक्रिया राम्रै आएको छ ।

**निर्वाचनको आचारसंहिता पालनामा अहिलेसम्म देखिएका चुनौती केकस्ता छन् ?**

अहिले निर्वाचनको समयमा देखिएको मुख्य चुनौती भनेको सामाजिक सञ्जाल र एआइको दुरूपयोग हो । निर्वाचनमा असल नतिजाका लागि सकारात्मक रूपमा प्रयोग हुनुपर्ने प्रविधि आरोप-प्रत्यारोप र भ्रामक सामग्री फैलाउन प्रयोग भइरहेको छ । उदाहरणका लागि त्यसमार्फत उम्मेदवारले प्रचारप्रसार गर्ने, सही मतदाता शिक्षा दिई सकारात्मक नतिजा ल्याउन सकिन्थ्यो तर यहाँ आरोपप्रत्यारोमा बढी प्रयोग भइरहेको देखिन्छ । आयोगले यसलाई नियन्त्रण गर्न प्रविधि र प्राविधिक टोली परिचालन गरेको छ। विशेषगरी टिकटकसँग समन्वय गरी आचारसंहिता उल्लङ्घन गर्ने सामग्री छिटो हटाउने व्यवस्था गरिएको छ । यद्यपि अघिल्ला निर्वाचनका तुलनामा निर्वाचन सभ्य ढङ्गबाट अघि बढिरहेको छ ।

**-निर्वाचनको मौन अवधिमा हुनसक्ने चलखेल रोक्न के तयारी गरिएको छ ?**

निर्वाचनमा मौनअवधि भनेको राजनीतिक दल र उम्मेदवारलाई शान्त रहन तथा थकाइ मार्न उपलब्ध गराइएको समय हो । यो अवधि मतदातालाई पनि स्वतन्त्र रूपमा निर्णय लिन सकुन भन्नका लागि हो। यस अवधिमा मतदातालाई निर्वाचन आचारसंहिताविपरीत राजनीतिक दल र उम्मेदवारले प्रभावमा पार्छन् कि भन्ने पाटोमा आयोग सचेत छ। यस अवधिमा हुनसक्ने कानुनविपरीतका गतिविधि रोक्न जिल्ला अनुगमन अधिकृत र सुरक्षा निकाय परिचालन गरिएको छ। विशेष निगरानीको व्यवस्था मिलाइएको छ ।

**बदर मत घटाउन तथा सदर मत प्रतिशत बढाउन मतदाताले के कुरामा ध्यान दिनुपर्छ ?**

यसमा जनचेतनाको पाटा छ, आखिर मत हाल्ने मतदाताले नै हो । हुन त विगतका निर्वाचनको कुरा गर्ने हो भने शिक्षित जनप्रतिनिधिले समेत आफ्ना अभिभावक छान्ने राष्ट्रपति र राष्ट्रियसभाको निर्वाचनमा पनि मत बदर भएको इतिहास छ। मतदाताले मतपत्रमा स्पष्ट रूपमा निर्वाचन चिह्नको कोठाभित्र मात्र स्वस्तिक छाप लगाउनुपर्छ । मतपत्र सही तरिकाले फोल्ड गर्न पनि ध्यान दिनुपर्छ । आयोगले मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन गरेको छ र डिजिटल माध्यमबाट पनि सचेतना अभियान सञ्चालन भइरहेको छ । यसपटक बदर मत घट्ने आशा गरेका छौं ।

**-मतदान व्यवस्थापनका सन्दर्भमा के-कस्ता व्यवस्था गरिएको छ ?**

एक हजार मतदाता सङ्ख्या भएको ठाउँमा एउटा केन्द्र बनाइएको छ । त्योभन्दा माथि हुनासाथ अर्को मतदान केन्द्रको व्यवस्था थप गरिएको छ । सकेसम्म वृद्ध, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला र बिरामी मतदातालाई प्राथमिकता दिइने छ। उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोगगरी मतदातालाई सहज वातावरण प्रदान गर्ने प्रयास गरिएको छ। सबै मतदातालाई आफ्नो अमूल्य मतदानको प्रयोग गर्न आह्वान गर्न चाहन्छु।

**विगतमा मतगणना ढिलो भयो भन्ने गुनासो रहँदै आएकोमा यसपटक त्यो दोहरिन नदिन केकस्तो तयारी र व्यवस्थापन मिलाइएको छ ?**

मतगणनालाई छिटो बनाउन यसपटक आवश्यक जनशक्ति बढाइएको छ । यद्यपि हामीसँग मतगणनाका लागि स्वचालित मेसिन प्रणाली छैन । म्यानुअल प्रणालीमै मतगणना हुनेछ । भौगोलिक अवस्थाका कारण कतिपय जिल्लामा मतपेटिका सङ्कलन गरी केन्द्रसम्म ल्याइ पुऱ्याउन पनि केही समय लाग्न सक्छ, तर जनशक्ति व्यवस्थापन सुधार गरेर प्रक्रियालाई छिटो र प्रभावकारी बनाउने प्रयास गरिएको छ।

**अन्त्यमा, मतदाताहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?**

मतदाताले आफ्नो मतदान गर्ने अधिकार प्रयोग गर्नुपर्छ। यो सामान्य निर्वाचन होइन, विशेष परिस्थितिमा हुन लागेको महत्त्वपूर्ण निर्वाचन हो । देशलाई निकास दिन, लोकतन्त्रलाई सुदृढ बनाउन, नागरिकलाई बलियो बनाउन तथा समाजलाई विकास र समृद्ध तुल्याउन योग्य उम्मेदवारको छनोट गर्नुपर्छ। त्यसका लागि यही फागुन २१ गते हुने निर्वाचनमा अनिवार्य रूपमा मतदान गर्न म सम्पूर्ण मतदातालाई अपिल गर्दछु।

# उम्मेदवार माग्छन् मत, मतदाता माग्छन् लालपुर्जा

**सिद्धराज भट्ट**

सुदूरपश्चिम, १७ फागुन /रासस ।धनगढी उपमहानगरपालिका–१२ का देव दमाईंको जग्गाधनी पुर्जा पाउने प्रक्रिया कागजमै अल्झिएको वर्षौं भयो। लालपुर्जा पाउने आसमा आवेदन दिनुभएका उहाँको सपना अधुरै छ । त्यसैले यसपटकको निर्वाचनमा मत माग्ने आउने उम्मेदवार तथा दलबाट दमाईं लालपुर्जाको काम सम्पन्न हुने प्रतिबद्धता खोज्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "धेरै पटक जग्गा धनीपुर्जा पाउन आवेदन दिए पनि हालसम्म सुकुम्वासी नै हुनु परेको छ । यसअघिका निर्वाचनमा पनि उम्मेदवार तथा दलहरूले आश्वासन दिएका हुन् । यसपटक भने जग्गाधनी पुर्जा उपलब्ध गराउने विश्वासिलो प्रतिबद्धता जनाउनेलाई भोट दिने सोचमा छौं।" ऐलानी जग्गामा वर्षौंदेखि बस्दै आउनुभएका धनगढी-१३ का मनोज पाण्डेयले पनि लालपुर्जा दिने भनेर जग्गाको निस्सा बाँडेको धेरै भएको बताउनुभयो । तथापि, पुर्जा दिइएको छैन । उहाँ पनि मत माग्न आउनेलाई जग्गाको पुर्जा दिने भएमात्र भोट दिने जवाफ दिइरहेको बताउनुहुन्छ । चुनावी प्रचारप्रसारको अन्तिम कसरतमा रहेका उम्मेदवारले भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीका समस्या समाधानलाई पनि मुख्य चुनावी 'एजेन्डा' बनाएका छन् । पाण्डेयले भने अझै विश्वस्त हुनसक्नुभएको छैन । त्यसैले उहाँ भन्नुहुन्छ, "तीन वर्षअघिको निर्वाचनमा पनि उम्मेदवारले लालपुर्जाका लागि अन्तिम पहल गर्ने बाचा गरेका थिए, तर हालसम्म पनि त्यो पूरा भएको छैन । अझै पनि विश्वास गर्न गाह्रो छ, तर पनि मत त दिनैपर्छ कसै न कसैलाई, त्यसैले विश्वस्त आधार दिनेलाई मात्र यसपटक मत दिन्छौं ।"उम्मेदवारहरूले भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा उपलब्ध गराउने बाचा यसपालि पनि दोहोऱ्याइरहेका छन् । कैलाली जिल्लामा रहेका भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको यो समस्या वर्षौंदेखि सामाजिक, आर्थिक र राजनीतिक मुद्दाका रूपमा मात्र सीमित छ । समस्या समाधान नहुँदा जिल्लाभरिका हजारौं परिवार अझैसम्म लालपुर्जाविहीन छन्। जग्गा दिने भनेर बनाइने भूमि आयोगको पटकपटक गठन-विघटन हुने चक्रले यो समस्या समाधानभन्दा झन् अन्योल बढाएको गुनासो छ ।

सुकुम्वासी समस्या समाधानका लागि विगतमा विभिन्न आयोग गठन गरिए पनि सरकार परिवर्तनसँगै ती आयोगहरू खारेज हुने, संरचना फेरिने र काम अधुरै रहने प्रवृत्तिले समस्या झन् जटिल बनाएको पीडितहरूले बताउने गरेका छन्। भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या कैलालीमा सबैभन्दा ठूलो चुनौतीका रूपमा रहेको सबै दल तथा उम्मेदवारलाई राम्ररी थाहा छ । बसाइँसराइ, बाढीपीडितको पुनःस्थापना, मुक्तकमैया तथा दलित समुदायको ऐतिहासिक भूमिहीनता जस्ता कारणले यहाँ अव्यवस्थित बसोबासी बढिरहेका छन् । विशेषगरी पूर्वपश्चिम सडकखण्ड आसपासका क्षेत्रमा सार्वजनिक तथा वन क्षेत्रमा बसोबास गर्नेहरूको सङ्ख्या ठूलो छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सडकजस्ता आधार भूत सेवामा सीमित भएका पहुँच उनीहरू लालपुर्जा नभएकै कारण बैङ्कबाट ऋण, घर निर्माण अनुमति लिन वा सन्तानको भविष्य सुरक्षित गर्न कठिनाइ भइरहेको बताउनुहुन्छ ।हरेक चुनावमा सुकुम्वासी समस्या समाधान गर्ने बाचा दोहोरिने गरे पनि निर्वाचित भइसकेपछि यो मुद्दा ओझेलमा पर्ने गरेको छ । आफूहरूलाई विकासका ठूला परियोजनाभन्दा पहिले कानुनी रूपमा बसोबाससुरक्षित हुनुपर्ने मुख्य माग रहेको मतदाता लक्ष्मण जोशी बताउनुहुन्छ । "चुनावी प्रचारप्रसारको आन्तिम दौडधुप चलिरहँदा उम्मेदवारहरू घरदैलोमा पुगिरहेका छन् । हामीलाई र हाम्रो पार्टीलाई मत दिनुस् भनेर हात जोडिरहेका छन्, तर हाम्रो बसोबासको वैधानिक टुङ्गो नलागेकाले उत्साहित छैनौं । अब जसले समस्या समाधान गर्ने विश्वास दिलाउँछन्, तिनैलाई मत दिने सोचमा छौं ।"सुदूरपश्चिम प्रदेशको राजधानी जिल्ला भएकाले कैलाली र अस्थायी राजधानी रहेको धनगढी (कैलाली क्षेत्र ५) क्षेत्रमा धेरैको चासो छ। आफ्नो पक्षमा पार्न मतदाता रिझाउने प्रयास जारी नै छ। यहाँ प्रतिस्पर्धामा रहेका सबैजसो दल तथा उम्मेदवारले सुकुम्वासी र अव्यवस्थित बासोबासीका मुद्दाबारे ध्यान दिएको भनिरहेका छन्, तर मतदाता आश्वस्त हुन सकिरहेका छैनन् । यसबाहेक सबैजसो दल तथा उम्मेदवारका मुद्दा उस्ताउस्तै छन् । फाप्ला क्रिकेट मैदान निर्माण, धनगढी विमानस्थल, सेती प्रादेशिक अस्पतालको स्तरोन्नति, सहिद दशरथ चन्द विश्वविद्यालय पूर्ण क्षमतामा सञ्चालन गर्नेलगायत मुद्दालाई प्राथमिकता राखेर मत माग्ने क्रम जारी छ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया citypostdaily2004@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। –सं.



चोहर्वा- सिरहा माडर सडक खण्ड अन्तर्गत बिष्णुपुर गाउँपालिका वडा नम्बर-५ स्थित लक्ष्मीपुर चौकमा आसन्न प्रतिनिधि सभा निर्वाचन २०८२ लक्षित संयुक्तरूपमा सुरक्षा चेकजाँच गर्दै नेपाली सेना र नेपाल प्रहरी । तस्बिर : लोकेन्द्र प्रसाद **यादव/रासस**

# मधेस आन्दोलनका सहिद परिवारको दुखेसो

**हिमाल लम्साल**

वीरगञ्ज (पर्सा), १७ फागुन /रासस । मधेश आन्दोलनमा सहादत्त प्राप्त गरेका सहिद धर्मराज सिंह राजपुतको ६० वर्षीय आमा कलावतीदेवी सिंह राजपुतको मन भने अहिले पनि खिन्न छ । दश वर्षअघि आफ्नो २२ वर्षे छोरा गुमाउनुभएकी कलावतीदेवीको मुहारमा अझैसम्म पनि उत्साहको सञ्चार हुनसकेको छैन । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारहरु भने भोट माग्नको लागि उनको घरदैलोमा माग्दै हिँडिरहेका दृश्य देख्दा आफ्नो मन छियाछिया हुने गरेको उनी दुःखेसो पोख्छिन। "मेरो छोराले देशको लागि सहादत प्राप्त गऱ्यो," उनले भने, "हामी सहिद परिवारको दुःख भने कसैले बुझिदिएनन्," उनले गहभरि आँशु झार्दै भने, "हाम्रो छोराले मधेश आन्दोलनको क्रममा आफ्नो सहादत प्राप्त गरे तर कसैले पनि हाम्रो परिवारको दुःखलाई हेर्ने काम गरेका छैनन् ।"सहिद परिवारले भोग्नुपरेको पीडाको बारेमा भने कसैले वास्ता नगरेको उनको गुनासो छ। "राजनीतिक दलका नेताले सहिदहरुलाई केवल राजनीति गर्ने सिँढी मात्रै बनाउने काम गरे," उनले भने, "सहिद परिवारले भोग्नुपरेको पीडा र दुःखलाई कसैले पनि बुझ्ने प्रयास गरेनन्," उनले भने, "सहिद धर्मराजसिंह राजपुतका दाजु करण सिंह राजपुतले दुई वर्षअघि साना तथा घरेलु उद्योग कार्यालय वीरगञ्जमा करारको जागिर पाएका थिए। तर, उनको करारको अवधि थप नभइ दैनिक ज्यालादारीमा झारेपछि र नियमित तलब पनि नपाएकाले जागिर नै छोड्नुपरेको गुनासो गरे।"हाम्रो परिवारको आम्दानीको स्रोत पनि राम्रो छैन भएको करारको जागिरको पनि म्याद थप नभएपछि छाडेको हुँ, हामी सहिद परिवार त राजनीति गर्नेका लागि टेको मात्रै हुने रहेछौँ" करणले भने ।सहिद राजपुतको २०७२ भदौ १५ गते सुरक्षाकर्मीको गोली लागेर निधन भएको थियो । सहिद हुनु केही दिन अघिसम्म उनी धर्मराज सशस्त्र प्रहरी बल नेपालमा कार्यरत थिए। मधेश आन्दोलन चर्किएसँगै भाइले सशस्त्र प्रहरी बलबाट राजिनामा दिएर आन्दोलनमा होमिएको दाजु करणले स्मरण गर्नुभयो । "करारको जागिर जोगाउन मैले धेरै हन्डर खाए तर कतैबाट पनि सहयोग नपाएपछि अन्ततः छोड्ने निर्णय गरेँ," उनले भने । मधेस आन्दोलनका सहिद धर्मराज सिंह राजपुतको परिवार मात्रै होइन्, अर्का सहिद दिलीप चौरसियाका ६० वर्षे आमा रामज्योत्ति चौर सियाका आँखा पनि आफ्नो छोरा दिलीपको यादले अझै पनि रसाउँछन् । वीरगञ्ज महानगर-२२ स्थित आफ्नो आँगनमाटोलाएरबसिरहनुभएकी आमा रामज्योतिलाई आफ्नो छोराले ज्यान गुमाएको हिजो जस्तै लाग्छ । तर, मधेस आन्दोलनको क्रममा दिलीप चौरसियाले २०७२ भदौ १४ गते निधन भएको थियो ।

"कान्छो छोरा आइहाल्छ जस्तै लाग्छ," भावुक हुँदै आमा रामज्योतिले भने ,"छोराले निधनपछि मधेसमा केही परिवर्तन होला भन्ने आशा राखेका थियौँ तर केही पनि हुनसकेन ।"

# चुनावी रन्कोबीच महोत्तरीमा पानीको चिन्ता



**गोपाल बराल**

महोत्तरी, १७ फागुन /रासस । आसन्न प्रतिनिधिसभा निर्वाचनको प्रचारप्रसार उत्कर्षमा पुगेको छ । जताततै चुनावी सरगर्मी बढेको छ । मतदानका लागि अब केही दिनमात्र बाँकी रहँदा उम्मेदवार मतदाता भेटघाटमा व्यस्त छन् । तर यसैबीच महोत्तरीका आम सर्वसाधारण भने यसपालि हिउँदे वर्षा नहुँदा चाँडै पानीको सङ्कट पर्नसक्ने चिन्ताले पिरोलिएका छन् ।

फागुनको तेस्रो साता बितिसक्दासम्म हिउँदे वर्षा नहुँदा किसान र स्थानीय बासिन्दामा चिन्ता थपिएको हो । "खै, हिउँद बित्नै लाग्यो, पानी पर्ने छाँट देखिन्न । यो हिउँदमा पानी नपरे बालीनाली मात्र होइन, एकाध महिनाभित्रै खानेपानीकै सङ्कट पर्लाजस्तो छ," गौशाला नगरपालिका-१ का सुरेन्द्र महतो भन्नुहुन्छ, "हिउँदे वर्षा नभए यहाँका पानीका मुहान चैतमै सुक्ने छन् ।"

उहाँका अनुसार केही दिनभित्रै पानी नपरे नयाँ वर्ष २०८३ को सुरुआतमै पानीको हाहाकार हुनसक्छ । विगतमा हिउँदे वर्षा नभएको वर्ष चैतमै खोल्साखोल्सी, जरुवा, नदीका मुहान, इनार र चापाकल सुक्दा खानेपानीको सङ्कट व्यहोर्नुपरेको स्थानीय बासिन्दा सम्झन्छन् । यही चिन्ताले चुनावी उत्साहसमेत जाग्न नसकेको गौशाला-१ कै गणेश महतो बताउनुहुन्छ ।

गाउँ-नगरमा चुनावी प्रचारप्रसार तीव्र भए पनि किसान र सर्वसाधारण त्यसमा रमाउन सकेका छैनन् । हिउँदे वर्षा नहुँदा चैतीबाली राम्रोसँग नफस्टाउने चिन्ता किसानमा छ । "यसपालि पानी नपरी हिउँद बित्दैछ, रवि (चैती) बालीका बोट पानीबेगर ओइलिन थाले", बर्दिबास-६ किसाननगरका ६५ वर्षीय कुलबहादुर भुजेल भन्नुहुन्छ, "चैत नबित्दै पानीको हाहाकार पर्लाजस्तो छ ।"

उहाँका अनुसार पानी नपर्दा उत्तरी भेगका वैशाखी सागसब्जीका बोटसमेत सुक्न थालेका छन् । भुजेलका छिमेकी ७५ वर्षीय जगन्नाथ महतो पनि जग्गा सुक्दै जाँदा सागसब्जी उत्पादनमा असर परेको बताउनुहुन्छ ।

चुनावी चहलपहल बढे पनि किसानको ध्यान खेतबारीमै छ । "हाम्रा दुःख हामीसँगै छन्, पानीबेगर सुक्दै गएको बाली हेरेर कसरी चुनावले मन तान्ला ?" भुजेलको प्रश्न छ ।

बर्दिवास-७ मनहरिपुरका ७० वर्षीय किसान विन्देश्वर यादवले पनि सिँगो हिउँद पानी नपरी बित्न लागेकोमा विरक्ति व्यक्त गर्नुभयो । "मजरदै आँपलाई मधुवा रोगबाट जोगाउन वर्षा चाहिन्छ," उहाँ भन्नुहुन्छ, "तर पानी नपरी गर्मी बढ्न थाल्यो ।" यसले पानीको सङ्कट थप गहिरिने लक्षण देखिएको उहाँको भनाइ छ ।बर्दिवास-९ पशुपतिनगरका ७० वर्षीय विसुनदेव महतोका अनुसार मौसमको वर्तमान सङ्केतले खडेरीको जोखिम बढाएको छ । गत वर्षको खडेरी सम्झँदै उहाँ यसपालि पानी र अन्न दुवैको सङ्कट आउनसक्ने आशंका व्यक्त गर्नुहुन्छ ।

भारतसँग सीमा जोडिएको दक्षिणी भेगमा पनि अवस्था उस्तै छ । जलेश्वर-५ चौरियाका ७५ वर्षीय किसान रहिमन मण्डल भन्नुहुन्छ, "खेतीपाती अनुकूल भए न खुसी हुन्छ, विरक्तिएको मनमा के चुनावको रमाइलो हुन्छ र ?" उहाँका अनुसार गहुँको बालामा दाना पोटिलो हुन नसकेको र आँपको मञ्जरीमा मधुवा रोगको जोखिम बढेको छ ।

सोनमा-५ का रामप्रताप यादव भन्नुहुन्छ, "चुनावले जीवन बदलिए न चासो हुन्छ । भोट त हालिरहेकै छौँ, तर खेतबारीले न सिँचाइ पायो, न समयमा बीउमल ।" किसानका अनुसार पछिल्ला वर्षमा प्रकृति पनि प्रतिकूल बन्दै गएको छ ।

भङ्गाहा-४ रामनगरका ८० वर्षीय दीपबहादुर फुँयाल भन्नुहुन्छ, "पहिले हिउँदमा एक पटक पानी परे बालीनालीदेखि गर्मीमा खानेपानीको समस्या हुँदैनथ्यो। अहिले भने हिउँदभरि पानी नपर्दा चैतमै मुहान सुक्न थालेका छन् ।" हिउँदे वर्षा नहुँदा जमिनमुनिको पानीको सतह गहिरिँदै जानु र स्रोतका मुहान चैतमै सुक्नु यहाँको दीर्घकालीन समस्या बनेको छ ।

उत्तरी क्षेत्रमा खोल्साखोल्सीको जरुवा पानी र इनार मुख्य स्रोत हुन् भने मध्य तथा दक्षिणी भेगमा चापाकलमा निर्भरता बढी छ ।

चुनावका बेला भोट माग्न आउने उम्मेदवारलाई यी समस्या सुनाइए पनि समाधानप्रति विश्वास जाग्न नसकेको किसान बताउनुहुन्छ। "हामीले भोट दिँदै आएका छौँ, दुःख सुनाएकै हौँ," गौशाला-४ का रिझन साह भन्नुहुन्छ, "चुनाव नहुँदासम्म आशा हुन्छ, सकिएपछि फेरि जस्ताको त्यस्तै ।"

पाका किसानका अनुसार वन, चुरे क्षेत्र र नदीकिनारमा बढ्दो उत्खनन तथा अतिक्रमणले प्राकृतिक सन्तुलन बिग्रिँदा वर्षा चक्र प्रभावित भएको छ । यसपालिको निर्वाचनमा विकासका गफभन्दा प्राकृतिक स्रोत संरक्षण र समुचित प्रयोगबारे ठोस प्रतिबद्धता आवश्यक रहेको बर्दिवास-८ हात्तीलेटका ६० वर्षीय जगदीश काफ्लेको धारणा छ ।


Government of Nepal

## Lahan Municipality

### Office Of Municipal Executive

Lahan-10, Siraha

Madhesh Province, Nepal

## INVITATION FOR BIDS

Notice No: **LMUN-W24-IFB-2082-83-29**

Date Of Publication: **2082-11-18 (March 02th 2026)**

1. Lahan Municipality, Office of Municipal Executive Invites Open Competitive Bidding (Single-Stage-Single - Envelope) system from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

2. Information regarding Pre-Bid Meeting, Last date of Submission, Date of Opening

| S.N O | Contract ID | Project Description | Pre-Bid Meeting | Last date of Submission | Date of Opening | Bid Security Amount | Bid Validity Period | Bid Document Fee (NRs.) | Estimated Amount Without Vat and Contingency (NRs.) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LMUN-W24-NCB-2082-83-29 | Construction of 4 Classrooms Two-Storey Academic Block Building at Shree La La ku Ma Vi, Lahan-3 | 23th March 2026 14:00 hours | 01th April 2026 12:00 hours | 01th April 2026 14:00 hours | NRS. 2,35,000.00 | 90 days | 3000.00 | 81,20,354.22 |

3. Bidder shall submit their bid electronically only and shall download the bidding documents for submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below. **Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Nepal Bank Ltd, Lahan Branch.
Name of Office : Lahan Municipality
Office Code no. : 16-365-22
Office Account no.: 03603000001001000001
**Rajaswa (revenue) Shirshak no.** 14229

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours** on **01th April, 2026** at Lahan Municipality, Office of the Municipal Executive, Lahan (Siraha). Bids must be valid for a period of **90** days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **mentioned above in the table for respective contract**, which shall be valid for **30** days beyond the validity period of the bid **90 days.**
5. Bid document fees all contracts shall be NRs. **3000.00. (Three thousand only)** each.
6. Bid Validity period/ Bid security Validity period of all above contracts shall be 90 days.
7. Bidder Can only bid electronically through the e-procurement section of PPMO 's website http://www.bolpatra.gov.np/egp.
8. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (14th Amendment) Rules, 2082.
9. Any amendments in the IFB notice shall be published in the e-procurement section. 8. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
10. The **Lahan Municipal, Office of Municipal Executive** reserves the right, **at its sole discretion**, to reject, accept, or cancel any bid, whether in part or in full.

# ‘मेचीपारिको नेपाल’ का नागरिकको ३४ वर्षदेखि एउटा पुल बनाउने माग

**चन्द्रकला भण्डारी**

झापा, १७ फागुन /रासस ।: नेपालको पूर्वी सीमाना ‘मेची नदी’ले कोरेको छ। तर, नक्सामा कोरिएको त्यो रेखा र नदीको पानीको बहावले मेचीनगर नगरपमलिका-१५ ज्यामिरगढीको भूगोलमा पर्ने ग्वालाबस्ती, होपना बस्ती र शिशौ डाँगीलाई यहाँका स्थानीय ‘मेचीपारिको नेपाल’ भन्न रुचाउँछन् । मेची नदीमा पुल नहुँदा आवागमनमा सास्ती हुनुका साथै एउटा टापुजस्तो बनेका यी तीन गाउँका नागरिकले ३४ वर्षदेखि एउटा पुल बनाइदिने माग राख्दै आएका हुन् ।

स्थीयका अनुसार यी तीन गाउँ ‘मेचीवारिको नेपाल’बाट वर्षौंदेखि उपेक्षामा परेका छन् । राजनीतिक दल र तिनका प्रतिनिधि निर्वाचनको समयमा उपस्थित हुने र उम्मेदवारबाट आश्वासन मात्र आउने गरेको ८२ वर्षीय राजेन्द्र यादवले बताउनुभयो । “यतिबेला देशभर निर्वाचनको वातावरण बन्दै गएको छ । सहरदेखि दुर्गम गाउँसम्म उम्मेदवारका गाडी, झन्डा र चुनावी गीतको गुञ्जन सुनिन्छन् । तर, मेची नदीभन्दा पूर्वपट्टि अवस्थित यी तीन बस्तीमा यो पटक विरक्तलाग्दो सन्नाटा छाएको छ”, उहाँले भन्नुभयो ।यादवले आफ्नो जीवनकालमा धेरै व्यवस्था बदलिएको देख्नुभयो, धेरै चुनावमा मतदान गर्नुभयो । तर, मतदानको मिति नजिकै आइपुग्दा पनि यसपटकको जस्तो उदासीनता र सन्नाटा उहाँले गाउँमा कहिल्यै महसुस नगरेको बताउनुभयो । “पहिले चुनाव आउँदा गाउँमा रौनक हुन्थ्यो, नेताहरू आउँथे । केके न होला जस्तो हुन्थ्यो”, उहाँले भन्नुभयो, “तर यसपालि गाउँमा चुनावको चर्चा छैन, कुनै उम्मेदवार हाम्रो आँगनमा पाइला टेक्न आइपुगेका छैनन् । हामी त नेपालभित्रै भएर पनि नदेखेको मान्छे जस्तो भयौँ ।”

मेची नदीका कारण टापुजस्तो यी तीन गाउँ रहेका बताउँदै यादवले यस क्षेत्रमा १५० भन्दा बढी परिवारको बसोबास रहेको जानकारी दिनुभयो । यहाँका बासिन्दा आर्थिक रूपमा विपन्न भए पनि कर्ममा भने निकै धनी छन् । आदिवासी समुदायका राजवंशी, सन्थाल र यादवहरूको सघन बसोबास रहेको यो क्षेत्र कृषिका लागि उर्वर भूमि हो । यहाँ धान, मकै र गहुँ मात्र होइन, व्यावसायिक रूपमा तरकारी, खरबुजा र भुइँकटहरको खेती गरेर किसानले पसिना बगाइरहेका छन् ।पचास वर्षीया साइली टुडुलाई अहिले निर्वाचनको लहरले केही छोएको छैन । उहाँ बगर खेतमा फलेका आलु खन्न व्यस्त हुनुहुन्छ । यही फागुन २१ गते मतदान गर्ने दिन हो भन्ने कुरा उहाँले कतैबाट सुन्नुभएको छ, तर उम्मेदवार कोको हुन् ? कुन चिह्नमा भोट हाल्ने ? मतदाता शिक्षा के हो ? यी प्रश्नको उत्तर उहाँसँग छैन । “बाटो अप्ठेरो छ, बगरै बगर हिँड्नुपर्छ भनेर नेताहरू हाम्रा गाउँमा नआएका होलान्”, टुडुले भन्नुभयो, “अघिल्ला चुनावमा आउनेहरूले मेचीमा पुल बनाइदिन्छु भनेर धेरैपटक ढाँटे । यसपालि ढाँट्न पनि कोही आएका छैनन् ।”

मेचीपारिका बासिन्दाको सबैभन्दा ठूलो र साझा पीडा भनेकै मेची नदीमा पुल नहुनु हो । सामान्यतया मेची नदीलाई सीमा मानिए पनि यहाँको भूगोल अलि भिन्न छ । नेपाल-भारत सीमाको ९४/१ सीमास्तम्भ छेउमा नेपाली बस्ती छ, तर बीचमा मेची नदी तगारो बनेर उभिएको छ । बर्खा लागेपछि जब मेचीमा बाढी आउँछ, तब यो बस्तीको सम्पर्क बाँकी नेपालसँग पूर्ण रूपमा टुट्छ ।

“हामीले ३४ वर्षदेखि चुनावका बेला सधैँ एउटा पुल मागिरहेका छौँ”, स्थानीय राजेन्द्र यादवले भन्नुभयो, “हरेक चुनावमा नेताहरूले झोलुङ्गे पुलको आश्वासन बाँड्छन् । तर जितेर गएपछि उहाँहरूलाई यहाँ पुल चाहिन्छ भन्ने सम्झिन फेरि अर्को चुनाव कुर्नुपर्छ ।” पुल नहुँदा यहाँको जनजीवन कति कष्टकर बनिरहेको छ भन्ने थाहा पाउन शिक्षा र स्वास्थ्यको दूरावस्था हेर्नुपर्ने उहाँले बताउनुभयो । “बाढी आएका बेला यहाँको एउटा प्राथमिक विद्यालय तीन महिनासम्म बन्द हुन्छ । शिक्षकहरू नदी तरेर आउन सक्दैनन्, अनि बालबालिकाहरू शिक्षाको उज्यालोबाट वञ्चित हुन्छन्”, उहाँले भन्नुभयो ।राज्यको उपस्थितिको अभावमा यहाँका बालबालिकाको भविष्यसमेत छिमेकी मुलुक भारतसँग आश्रित हुन पुगेको स्थानीय प्रदीप मुखियाले बताउनुभयो । उहाँका कान्छा छोरा नजित मुखिया नेपाली विद्यालय छाडेर भारतको पश्चिम बङ्गालस्थित मिसन स्कुलमा पढ्न थालेका छन् । “हाम्रो गाउँको स्कुलमा शिक्षकहरू वर्षामा वा अन्य समयमा पनि ठूलो पानी पर्न थालेपछि आउँन सक्दैनन्”, नजितले भन्नुभयो, “अनि भारतको स्कुल पढ्न जान्छौँ ।” उहाँ मात्र होइन, यो बस्तीका अधिकांश बालबालिकाले कक्षा २ पछि थप अध्ययनका लागि भारतीय विद्यालयको भर पर्नुपर्ने अवस्था छ ।

स्वास्थ्यको अवस्था झनै भयावह र कष्टपूर्ण छ । दुई वर्षअघि राजेन्द्र यादवका छोरा मोतिलाल यादवलाई पक्षाघात भयो । “समयमा उपचार पाउनु त परको कुरा, मेचीमा पुल नहुँदा बिरामीलाई महिनौँदिनसम्म अस्पताल लैजान सकिएन । समयमा भद्रपुरको प्रादेशिक अस्पताल वा धुलाबारीको मेचीनगर अस्पताल पुऱ्याउन पाएको भए छोरा निको हुन्थ्यो होला”, वृद्ध बाबुले आँखा रसाउँदै भन्नुभयो, “अहिले छोराको हातखुट्टा चल्दैनन् । बुहारीले भात खुवाइदिनु परेको छ । हामी त राज्यविहीन नागरिक जस्तै भयौँ ।”यहाँका बासिन्दाले भोगिरहेको अर्को ठूलो समस्या भू-स्वामित्वको हो । पुस्तौँदेखि जोतभोग गर्दै आएको जमिनको धनीपुर्जा उहाँहरूसँग छैन । ऐलानी जग्गामा बसोबास गरिरहेका यहाँका किसानलाई कुन दिन राज्यले वा नदीले उठीबास लगाउने हो भन्ने त्रास सधैँ रहिरहन्छ । बीस वर्षअघिसम्म यहाँ करिब ५०० परिवारको बसोबास थियो, तर धनीपुर्जा नपाउने र विकासको कुनै सम्भावना नदेखेपछि धेरै परिवार भारततिरै पलायन भइसकेका छन् ।

“नागरिकता त छ, तर बस्ने जमिनको धनीपुर्जा छैन”, राजेन्द्रले भन्नुभयो, “सुरक्षाका लागि कहिलेकाहीँ प्रहरीको गस्ती आउँछ, तर हामीलाई यहाँ एउटा स्थायी सुरक्षा पोस्ट र आफ्नो जमिनको धनीपुर्जा चाहिएको छ ।” बिजुली बत्ती भर्खरै ग्वालाबस्तीसम्म पुगे पनि होपना बस्तीका कतिपय घर अझै पनि मट्टितेलको टुकीको भरमा रहेका उहाँको भनाइ छ । स्थानीय प्रदीपका दुई छोरा घरमा बिजुलीको सुविधा नपुगेकाले साँझमा सधैँ ‘मट्टितेलमा टुकी’को मधुरो उज्यालोमा पढ्न बाध्य छन् । पिउने पानीका लागि आफैँले गाडेको ट्युबवेल र सिँचाइका लागि आफ्नै खर्चमा किनेको जेनेरेटरको भर पर्नु यहाँको बाध्यता भएको उहाँले बताउनुभयो ।यी गाउँमा जन्मिएका कसैले पनि सरकारी जागिरे बन्ने र वैदेशिक रोजगारीमा जान पाउने अवसर आजसम्म नपाएकामा प्रदीपले चिन्ता व्यक्त गर्नुभयो । अधिकांशको जीविकाको माध्यम खेतीपाती हो । पिउने पानीको सुविधाका लागि ट्युबवेल र सिँचाइका लागि डिप बोरिङको माग गर्दै दर्जनौँ पटक वडा कार्यालय, नगरपालिका र नेताको घरमा धाउँदा आश्वासन मात्र पाएको स्थानीयवासी बताउँछन् ।

मेचीपारिका यी तीन गाउँका बासिन्दाले सोधिरहेको साझा प्रश्न, “के हामी यो देशका नागरिक होइनौँ ? यदि हौँ भने हाम्रो घरसम्म एम्बुलेन्स गुड्ने बाटो, मेचीको बाढी तर्ने झोलुङ्गे पुल, हाम्रा खेतको उत्पादन बढाउन सिँचाइका लागि डिप बोरिङ र हाम्रा छोराछोरीले नेपाली भाषामा माध्यमिक तह पढ्न पाउने अवसर खोई ?”

निर्वाचन आउँछ र जान्छ, तर यी सीमान्तकृत नागरिकका समस्या जहाँको तहीँ रहने गरेका छन् । उहाँहरूलाई कुनै राजनीतिक दलको विचार वा सिद्धान्तसँग सरोकारभन्दा पनि यस्तो जनप्रतिनिधि चाहिएको छ, जसले मेचीमा पुल हालोस् र उहाँहरूलाई वास्तविक रूपमा मुलुकसँगै जोड्दै सहज जीवनयापन गर्ने वातावरण बनाउन पहल गरोस् ।

यहाँका किसान अहिले परवलका लहरा गोडमेल गर्न र बेमौसमी मकैलाई पानी लगाउन व्यस्त छन् । उहाँहरूको पौरखले माटो भिजे पनि अतिआवश्यक सुविधाबाट वञ्चित हुनुपर्दा सबैको मन सुक्खा भएर दुखेको छ । यसपटकको चुनावी सन्नाटाले नेताहरूप्रतिको वितृष्णा मात्र होइन, एउटा निराशाको सङ्केत गरिरहेको स्थानीय प्रदीपले बताउनुभयो । “यहाँका तीन गाउँलाई मूलधारसँग जोड्न अब आश्वासन होइन, वर्षौंदेखि अपुरो रहेको मेची नदीमा पुल बनाउने सपनालाई साकार तुल्याउन दह्रो इच्छाशक्ति र ठोस पहलको खाँचो छ”, उहाँले भन्नुभयो ।

# शान्तिकुमारी चौधरीको एउटै प्रश्न : मेरो नागरिकता कहिले ?

**जुनु भट्टराई**

विराटनगर, १७ फागुन: /रासस । अहिले देशभरको माहोल चुनावले रङ्गिएको छ । चुनावको उत्साहपूर्ण माहोलमा निर्वाचन क्षेत्र नं ४ मा पर्ने विश्वकर्मा चोकमा बसोबास गर्दै आएकी शान्तिकुमारी चौधरी भने निरास मुद्रामा भोट माग्न आउने नेताको दैनिक पखाइमा हुनुहुन्छ ।

नेता घरदैलो कार्यक्रममा भोट माग्न आए यसो भन्छु, उसो भन्छु भन्ने उहाँको केही सोच छैन । न त कुन पार्टीबाट को नेता उम्मेदवार छन् भन्ने जानकारी नै छ । मात्र उहाँको चाहना आफ्ना लागि नागरिकताको पहल गरिदिए हुन्थ्यो भन्ने रहेको छ । गत स्थानीय चुनावमा जस्तै यसपटकको चुनावमा पनि भोट माग्न आउँदा नेतालाई आफ्नो अवस्थाका बारेमा बेलिविस्तार लगाउने र नागरिकताको माग गर्दा सुनिदिहाल्छन् कि भन्ने अझै झिनो आशा छ शान्तिको मनमा । यही झिनो आशाले उहाँको ध्यान आफ्नो घर अगाडिको सडकमै घुमिरहन्छन् तर बिहान बेलुका मात्र घर बस्ने शान्तिको अहिलेसम्म प्रत्यक्ष भोट माग्न आउने नेतासँग भेट हुन सकेको छैन ।

टोलमा दिनहुँ माइकिङ हुन्छन्, भाषण हुन्छन् अनि चुनावी प्रचारप्रसारका लागि दैनिक गाडी ओहोरदोहोर भइरहन्छन् । शान्ति १५ वर्षीया अपाङ्गता भएकी छोरीलाई घरमै छोडेर हतारहतार बाहिर निस्कनुहुन्छ उताउति हेर्नुहुन्छ र छिमेकीलाई सोधिहाल्नुहुन्छ, कोही उम्मेदवार आएका हुन् ? छिमेकी लक्ष्मी बेचना साङ्केतिक भाषामा मुन्टो हल्लाउँदै नआएको बताउनुहुन्छ । निरस हुँदै शान्ति भन्नुहुन्छ, “आए भने नागरिकताको माग राखिदिनु है बढिआमा ?”

शान्तिलाई गाउँको विकास निर्माणका बारेमा त्यति धेरै चासो छैन, केवल छ त नेपाली नागरिक बन्ने झिनो आश । अन्य समस्याका लागि बोल्ने छिमेकी छन्, समाज छ, तर मेरा लागि बोलिदिने को छ ? आजभन्दा १२ वर्ष अगाडि पेटमा आठ महिनाको छोरो हुर्कँदै थियो, जतिबेला शान्तिका श्रीमान्ले अर्की महिलालाई दोस्री श्रीमती बनाएर भारतको दरभङ्गा भगाएर लगेका थिए । दुई वर्ष यतै बेपत्ता भए । जुन दिन श्रीमान्ले घर छोडे, त्यसै दिनदेखि उनले घर मात्र छोडेनन्, शान्तिको हात पनि छोडे, छोराछोरीको जिम्मेवारीबाट पूर्ण रुपमा अलग भए । दीपक, कुस्मी, सुप्रिया र रोहित शान्तिका चार सन्तान छन् । चारै सन्तानको अभिभावकत्व र जिम्मेवारी १३ वर्षदेखि अर्काको घरमा भाडा माझेर उहाँले पूरा गर्दै आउनुभएको छ । बालबच्चालाई बिहानको खाना खुवाएर अर्काको घरमा भाडा माझ्न निस्कनु उनको बाध्यता हो । चार घरको जुठाभाँडा मोलेरै उहाँले छोराछोरीको लालनपालन गर्दै आउनुभएको छ । सत्र वर्षीया छोरी कुस्मी न बोल्न सक्छिन् न त हिँडडुल गर्न नै । महिनावारी चक्र सुरु भइसकेको छ । बिहान सेनेटरी प्याडका रुपमा कपडा लगाइदिएर घरको पिँढीमा छोडिदिएर उहाँ काममा जानुहुन्छ । पहिले त शान्तिको परिवार राम्रैसँग चलिरहेको थियो । श्रीमान् राजमिस्त्रीको काम गर्थे । काकीसासूको घरमा मिलेर बसेको थिए । श्रीमान्ले जिम्मेवारीबाट हात धोइ बेपत्ता भएपछि काकीसासूको घरमा पनि बस्ने वातावरण रहेन । काकीसासूले घर खाली गर्दिनुभन्दा शान्ति एक महिनाकी सुत्केरी हुनुहुन्थ्यो ।

एक महिना समय मागेर उहाँ कामको खोजीमा निस्किनुभयो । सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाएर आराम गर्नु त परको कुरा, अबोध बालबालिकालाई के खुवाउने भन्ने चिन्ताले सुत्केरी अवस्थामै कामको खोजीमा रन्थनिएर घरघर चाहरेको हिजो जस्तै लाग्छ । छोराछोरी हुर्कँदै गए, समय परिवर्तन भयो तर उहाँको दुखिया जीवन जस्ताको त्यस्तै छ । कान्छो छोरो नै हाल ११ वर्ष पुगिसकेका छन् तर उनको नागरिकताको लफडा भने अहिलेसम्म जहाँको त्यहीँ छ ।शान्ति सानै हुँदा बाबुको मृत्यु भयो । बुबाको नागरिकता थिएन । त्यसैले उहाँको नागरिकता बन्न सकेन । श्रीमान्कोतर्फबाट पनि नागरिकता बन्न सकेन । छोराको नागकिता बनाइदिन पाए रोजगारिका लागि विदेश पठाइदिनहुन्थ्यो भन्ने उहाँको सोचाइ छ । उहाँ भन्नुहुन्छ, “मेरो नागरिकता मात्र बनाउन पाए छोरालाई रोजगारीका लागि बाहिर पठाइदिन्थें, नत्र छोराछोरीको भविष्य मेरोजस्तै अन्धकार रहने भयो ।” विराटनगर महानगरपालिका-८ का वडाध्यक्ष राम पोखेल भने शान्तिको समस्या व्यक्तिगत मात्रै नभई संरचनागत भएको बताउनुहुन्छ । “नागरिकता नपाएकी महिला, एकल महिला र अपाङ्गता सन्तान भएकाको समस्या हाम्रो वडामा मात्र होइन, धेरै ठाउँमा देखिन्छ”, पोखेल भन्नुहुन्छ, “कागजात, टोलीको उपस्थिति, कानुनी प्रक्रियाले समस्या जटिल बनेको छ । वडाबाट हुने सिफारिस र समन्वयको काम हामीले गर्दै आएका छौँ ।” उहाँका अनुसार वडा कार्यालयले शान्तिको विवाह, श्रीमान्को नागरिकता र बालबच्चाको जन्मदर्ताका आधारमा सबै कानुनी प्रक्रिया पूरा गरी सिफारिस तयार गरिदिएको छ ।

# उम्मेदवार भोट खोज्दै घरदैलोमा, भरोसा खोज्दै मतदाता

**राधिका बुढाथोकी**

सिन्धुली, १७ फागुन /रासस । यही फागुन २१ मा हुन गइरहेको प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि दुई लाख १५ हजार १९ जना मतदाता रहेको सिन्धुलीमा दुई वटा निर्वाचन क्षेत्र छन् । दुई वटा निर्वाचन क्षेत्रमा २८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा होमिएको पाइन्छ । सिन्धुली-१ मा एक लाख १० हजार ३९१ जना मतदाताले मतदान गर्नेछन् । जसमा ५७ हजार २०२ जना पुरुष र ५३ हजार १८९ जना महिला मतदाता छन् । सिन्धुली-२ मा एक लाख चार हजार ६२८ जना मतदाता छन्, जसमा ५४ हजार १२२ पुरुष र ५० हजार ५०६ जना महिला मतदाता छन् ।जिल्लाको ग्रामीण बस्तीदेखि सहरसम्म छरिएर बसेका मतदाताको घरदैलोमा पुग्न यतिबेला उम्मेदवारलाई चटारो छ । जिल्लामा निर्वाचनको मिति नजिकिँदै जाँदा चुनावी सरगर्मी बढेको छ । बिहान घाम झुल्किन नपाउँदै उम्मेदवारसहितको टोली मतदाताको घरदैलोमा पुगिरहेका हुन्छन् ।

राजनीतिक दलका झण्डा, चुनाव चिन्ह, प्रचार गीत, पर्चा-पोष्टर र उम्मेदवारपिच्छेका घोषणापत्र, प्रतिबद्धता-पत्रले गाउँ-सहर रङ्गिएको देखिन्छ । तर, जिल्लाका मतदाताको मन भने अझैसम्म रङ्गिन सकेको छैन । उम्मेदवार हात जोड्दै अनुहारमा मुस्कान र मुखमा समुन्नत, समृद्ध जिल्ला बनाउने प्रतिबद्धता बोकेर मतदाता भेट्न सक्रिय बनेका छन् । मतदातामा भने उत्साह देखिँदैन । अघिल्ला निर्वाचनका तुलनामा मतदाता केही फरक अवस्थामा देखिन्छन् । उम्मेदवारले हात जोडेर मुस्कानसहित आफ्ना प्रतिबद्धता सुनाउँदै मत माग्दा मतदाता आ-आफ्नो निराशाको कथा सुनाउँछन् । स्वच्छ पिउने पानीको अभावदेखि सडक, स्वास्थ्य, शिक्षा, रोजगारीका समस्यासम्म दर्साउँछन् । बेरोजगारीको पीडाले पिल्सिएका कतिपय युवा मतदाताले त उम्मेदवारसँग आक्रोस पोख्छन् । विशेषगरी पुराना दलका नेता तथा चुनावी अभियानका क्रममा गाउँ पुगेका उम्मेदवारसँग उनीहरुले असन्तुष्टी व्यक्त गरिरहेका छन् । यस पटकको निर्वाचनमा मतदाताले उम्मेदवारलाई मौन समर्थन गरेका छैनन्, प्रश्नकर्ता बनेर जवाफदेही बनाइरहेका छन् ।

अघिल्ला निर्वाचनमा गरेका प्रतिबद्धता किन पूरा भएनन् ? घोषणापत्रमा लेखिएका विकासका एजेण्डा किन कागजमै सीमित भए ? मतदाताले यतिबेला यस्तै प्रश्नहरु गाउँघरका चौतारादेखि बजारका चिया पसलसम्म बसेर गरिरहेका छन् । “चुनावका बेला घरदैलोमा आएर धेरै आश्वासन दिन्छन् । घोषणापत्र पढ्दा हाम्रो ठाउँ नै नमूना बन्छ जस्तो लाग्छ । मतदान गरेर संसद्मा पठाउँछौँ । हामीलाई फर्केर हेर्दैनन् । चुनावमा मात्रै हाम्रो खोजी गरेर हुन्छ ?” घ्याङलेख गाउँपालिका-१ अमले निवासी मतदाता सविना थापाले गुनासो गर्नुभयो ।

सिन्धुली निर्वाचन क्षेत्र नं-१ मा प्रतिनिधिसभा सदस्यका लागि १२ जना र सिन्धुली निर्वाचन क्षेत्र नं-२ मा १६ जना उम्मेदवार चुनावी प्रतिपर्स्धामा छन् । मुख्य निर्वाचन अधिकृत कमलराज विष्टकाअनुसार नेपाली कांग्रेसबाट उज्ज्वलप्रसाद बराल, नेकपा (एमाले)बाट प्रदीपकुमार कटुवाल क्षेत्री, नेपाली कम्युनिष्ट पार्टीबाट डेकेन्द्रप्रसाद सुवेदी र राष्ट्रिय स्वतन्त्र पार्टीबाट धनेन्द्र कार्कीको उम्मेदवारी छ ।

यसैगरी, उज्यालो नेपाल पार्टीबाट मोतिलाल तामाङ, नेपाल मजदुर किसान पार्टीबाट राजेन्द्र बखुन्छे, मङ्गोल नेशनल अर्गनाइजेसनबाट सोमबहादुर घलान, श्रम संस्कृति पार्टीबाट निमबहादुर मोक्तान, राष्ट्रिय परिवर्तन पार्टीबाट सन्तोषकुमार सुनुवार र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामनारायण अधिकारी, नेकपा माओवादीबाट सुशील हमाल र अमृतबहादुर विकको स्वतन्त्रमा उम्मेदवारी छ । त्यसैगरी, सिन्धुली-२ मा नेपाली कांग्रेसबाट सुशीला थिङ, नेकपा एमालेबाट मनोजजङ्ग थापा, नेपाली कम्युनिष्ट पार्टीबाट लेखनाथ दाहाल (राजन) र राष्ट्रिय स्वतन्त्र पार्टीबाट आशिस गजुरेलको उम्मेदवारी छ। मङ्गोल नेशनल अर्गनाईजेसनबाट शन्तवीर लामा, नेपाल मजदुर किसान पार्टीबाट रामेश्वरी कोजु, श्रम संस्कृति पार्टीबाट इन्द्रबहादुर विक मितेरी पार्टी नेपालबाट राजन अछामी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट मुकुन्दप्रसाद गजुरेल, नेकपा (माओवादी) बाट बक्रबहादुर राई, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट निर्मलकुमार स्याङतान र स्वतन्त्र माधवप्रसाद न्यौपाने, नरहरि पौडेल उम्मेदवार हुनुहुन्छ । कांग्रेसले टिकट नदिएपछि खड्गबहादुर वाईबाको बागी उम्मेदवारी छ । एमालेबाट सरोज विकको बागी उम्मेदवारी छ । नेपाली कम्युनिष्ट पार्टीबाट बागी उम्मेदवारमा महेश्वर दाहाल हुनुहुन्छ । लेखनाथ दाहाललाई टिकट दिएको भन्दै असन्तुष्ट बनेको जिल्ला तहको नेतृत्वले महेश्वर दाहाललाई बागी उम्मेदवार बनाएको हो । त्यस्तै, सिन्धुलीका इन्चार्ज बुद्धिमान माझी र जिल्ला संयोजक पानीराज बम्जनलाई पार्टी हितविपरीत गतिविधि गरेको ठहर गर्दै जिम्मेवारीबाट हटाएको छ । पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी खडा गरी त्यसका पक्षमा खुलेआम मत माग्ने गतिविधि गरेपछि कारबाही गरिएको नेकपाको बागमती प्रदेश कमिटिले जनाएको छ । यतिबेला राजनीतिक दलका आधिकारिक, स्वतन्त्र र बागी उम्मेदवार तथा उम्मेदवारका समर्थक आफ्नो पक्षमा मत खोज्दैछन् तर मतदाता भने भरोसा खोजिरहेका छन् । “हामीले अघिल्लो चुनावमा धेरै आशा गरेका थियौँ । रोजगारी सिर्जना हुन्छ, सीपमूलक तालिम आउँछ, सडक स्तन्नोति हुन्छ भनिएको थियो । केही भएन । चुनाव जितेर गएपछि नेता गाउँमा फर्किएर आएनन्”, सुनकोशी-६ भलायोडाँडाकी सदिक्षा दर्लामीले सुनाउनुभयो । आश्वास दिने होइन, गाउँको विकास गर्ने योजना ल्याएर भरोसा दिलाउने उम्मेदवारलाई मत दिएर सहयोग गर्न पर्नेमा उहाँको जोड छ ।

सिन्धुली जस्तो कृषिको प्रचुर सम्भावना भएको जिल्लामा किसानको मुद्दा चुनावी बहस बन्ने गरेको छ । तर व्यवस्था गाउँको उत्पादन बजारसम्म सहजै ढुवानी गर्न राम्रो सडकसमेत छैन । सिन्धुली निर्वाचन क्षेत्र नं-१ अन्तर्गत रहेको गोलञ्जोर गाउँपालिका-४ तिनकन्याका लोकबहादुर आलेमगरले भन्नुभयो, “कृषिजन्य उत्पादन गर्छौं तर बजारको सुनिश्चित छैन । हाम्रो ठाउँलाई जुनारको राजधानी मानिन्छ । उत्पादन भएको जुनार कच्ची सडकका कारण बजार पुऱ्याउनै सास्ती हुन्छ । ढुवानी खर्च महँगो पर्छ ।” नेता भोट माग्ने बेला मात्रै मतदाता सम्झिने तर मतदाताका समस्याको सुनुवाइ नहुने हुँदा आम नागरिकमा पछिल्लो समय निर्वाचनप्रतिको उत्साह घट्दै गएको उहाँको बुझाइ छ । उहाँले आफूले धेरै वटा चुनावमा भोट हालेको स्मरण गर्दै हालसम्म कसैले पनि मतदाताको आवश्यकता बुझेर काम गर्न नसकेको गुनासो गर्नुभयो । उक्त क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार उज्ज्वलप्रसाद बराल घरदैलो अभियानका क्रममा पुग्दा स्थानीयवासीले आफ्नो क्षेत्रको कच्ची सडकलाई स्तन्नोती गरेर पक्की बनाइदिन माग गरेका थिए । निर्वाचनमा युवा र महिलाको मत निर्णायक मानिन्छ । वैदेशिक रोजगारी, बेरोजगारी, उद्यमको अभाव र सहर केन्द्रित विकासले ग्रामीण युवा र महिलामा झनै निराशा बढेको छ । युवाले सरकारी कार्यालयमा झन्झट बिनाको सहज सेवा र रोजगारी माग गरिरहेका छन् भने महिलाले सुरक्षाको सवाल उठाइरहेका छन् । “नेता चुनावताका घरदैलोमा आउनुहुन्छ, तर समस्या पर्दा फोन उठ्दैन । हामीलाई बढ्दो महिलामाथिको हिंसा घटाउने नीति चाहियो,” दुधौली नगरपालिका-३ निपानेकी सरिता कटुवालले भन्नुभयो । महिला अधिकारका क्षेत्रमा सक्रिय कटुवालले महिला हिंसा न्यूनीकरणका लागि आर्थिक रुपमा सबल बनाउन पर्नेमा जोड दिनुभयो । यसका लागि महिलामैत्री नीति तथा कार्यक्रम आवश्यक रहेको उहाँको भनाइ छ । पहिलो पटक मतदान गर्न लागेका मतदाताको उत्साह भने कम छैन । “हामी मतदान गर्न उत्साहित छौँ । तर, हामीलाई पढाइपछि के गर्ने भन्ने स्पष्ट योजना, सीपमूलक तालिम, प्रविधिमा पहुँच र आफ्नो ठाउँमै गरिखाने वातावरण दिनुपर्छ,” कमलामाई नगरपालिका-५ मधुटार निवासी २० वर्षीया समीक्षा बुढाथोकीले भन्नुभयो ।



आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षाका लागि आइतवार बुटवल-११ देवीनगरमा गस्तीमा खटिँदै निर्वाचन प्रहरी । तस्बिरः सुमित्रा चापागाईं/रासस

# काठमाडौँ-२ का मतदाताका मुद्दाः भ्रष्टाचार नियन्त्रण र रोजगारी

**सृजना राई**



काठमाडौँ, १७फागुन /रासस । आज बिदाको दिन, कागेश्वरी मनोहरा नगरपालिकाको भवन अगाडिको बिसौनीमा भेटिए, शिव सिम्खडा, शिव पराजुली र इन्द्र श्रेष्ठ । हामीले उहाँहरुसँग आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबारे कुरा गर्न खोज्यौँ । कुराकानीका क्रममा उहाँहरुले अहिलेसम्म कसलाई मत दिने भन्नेमा निर्णय नगरिसकेको बताउनुभयो । तर उहाँहरुबीच भ्रष्टाचार नियन्त्रण र रोजगारी सृजना गर्नसक्नेलाई मत दिनेमा भने एकमत देखियो । प्रचारप्रसारको समय सकिँदै गर्दा यहाँ आउने राजनीतिक दल र उम्मेदवार पनि पातलिन थालेका छन् । तर आक्कलझुक्कल चुनावी गीत र केही झण्डा भने देखिन्छन् ।

विसं २००७ को निर्वाचनको अनुभव भएका ८५ वर्षीया सिम्खडा आफूले २०१५ सालको निर्वाचनदेखि लगातार मत दान गर्दै आएको बताउनुभयो । उहाँका परिवारका अधिकांश सदस्य विभिन्न कारणले विदेशिएका छन । सिम्खडा भन्नुहुन्छ, "रोजगारीका लागि विदेशिन पर्ने बाध्यता नबनोस्, हामी मत व्यक्तिको अनुहार मात्र हेरेर हाल्दैनौँ । सङ्गठन र सिद्धान्तले संसद्मा काम गर्न सहज हुन्छ, यद्यपि नयाँ आएका अनुहारसँग पनि उत्तिकै अपेक्षा छ ।" सिम्खडासँगै बसिरहनुभएका पराजुलीले पहिलो पटक २०४८ सालको निर्वाचनमा मत हाल्नुभएको हो । उहाँले आफूले उम्मेदवारले ल्याएको एजेण्डाका आधारमा भोट हाल्न तयार भए पनि अहिलेसम्म कुनै उम्मेदवारको घोषणापत्र आफ्नो हातमा पर्न नसकेको सुनाउनुहुन्छ ।

"यसअघि निर्वाचित जनप्रतिनिधिको भूमिकासँग सन्तुष्ट छैनौँ, काम गरेका पनि छैनन", पराजुली भन्नुहुन्छ, "व्यावहारिक र प्राविधिक शिक्षा प्राथमिकता हो । पढ्ने एक काम अर्को गुर्नपर्ने बाध्यता छ । अब विद्यार्थीको अध्ययन र उसले भविष्यमा अपनाउने पेसाबीच तालमेल मिलाउनुसँगै स्वरोजगार बनाउन पनि प्राविधिक शिक्षाको आवश्यकता छ।" उहाँले आफूले अहिलेसम्म राजनीतिक दलको घोषणापत्र पढ्न नपाएको बताउनुभयो । "घोषणापत्रमा देखाउनका लागि मात्रै एजेण्डाहरु ल्याएर पुग्दैन नि । भिजन के हो हेर्नै पर्‍यो । जसको कुरा गर्विलो हुन्छ, उसैलाई मत दिने हो", उहाँले भन्नुभयो ।

पराजुलीले सङ्गठनभित्रै पनि नयाँ पुस्तालाई विश्वास गर्नुपर्ने बताइरहँदा ६९ वर्षीया इन्द्र श्रेष्ठले नयाँ दल एवं नेतृत्वमाथिको अपेक्षा सुनाउनुहुन्छ । "नयाँ पुस्तालाई नै दिने हो । अन्य भूमिकामा अब्बल साबित भइसकेका राजनीतिमा प्रवेश गर्ने उम्मेदवारलाई किन कम आक्ने ?", श्रेष्ठ भन्नुहुन्छ ।

कागेश्वरी नगरपालिकाबाट झण्डै तीन किलोमिटर पर अघि बढ्दै गर्दा बस्तीहरु पातलिँदै जान्छन् । खेतीयोग्य फाँटहरु देखिन थाल्छन्, अनि शङ्खरापुर नगरपालिका प्रवेश हुन्छ । यस नगरपालिकाको वडा ९ का मतदाताहरु कृषक र कृषि प्रथामितकतामा राख्ने उम्मेदवार रोज्न चाहन्छन् । साँखुको सांस्कृतिक सम्पदा, रोजगारी र शिक्षा उहाँहरुको प्राथमिकता भएको उहाँहरुबीचमै भइरहेको संवादका क्रममा सुनिन्छ ।

यो वडामा लामो समयदेखि किराना व्यापार गर्दै आउनुभएकी ३६ वर्षीया शान्ति खड्काले भन्नुभयो, "छोराछोरी रोजगारीका लागि विदेशीन नपरोस । हाम्रा छोराछोरीको भविष्य चाहि केही बन्ला भन्ने आशाले मत हाल्छौ ।" कक्षा ११ मा अध्ययनरत छोरीको भविष्य देशभित्रै फस्टाएको हेर्ने उहाँको चाहना छ ।

खड्काले यस क्षेत्रका कृषि उत्पादनलाई बजारको आवश्यकता स्मरण गराउँदै भन्नुभयो, "स्थानीय उत्पादनका लागि बजार व्यवस्थापन हुनुपर्यो । यसपटक स्थानीय उम्मेदवारलाई मत दिन्छु । यसअघि निर्वाचित हुनुभएको नेताहरुले अपनत्व ग्रहण नगर्दा किसानका समस्या समाधान नभएको उहाँका गुनासो छ । कमसेकम चुनावपछि हाम्रो घरदैलोमा फर्केर आउनेलाई मत हाल्छु ।"

हामीले कुरा गरिरहँदा सोही स्थानकी ५० वर्षीया भवारी बास्कोटा संवादमा जोडिनुभयो । "देशै रित्तो हुने भइसक्यो ! यहाँ देशमा बूढाबूढी मात्र बाँकी रहने भइसक्यौँ । सन्तान नभएकाको नि सुरक्षा हुनुपर्‍यो । उनीहरुको गाँस बास र कपासको व्यवस्था हुनुपर्यो । भोक र पैसा नहुँदा उपचारको अभावले मर्न नपरोस", बास्कोटाले भन्नुभयो ।

सोही वडाका स्थानीय ४३ वर्षीय नारायण खड्का, ५६ वर्षीया नातिराम खड्का र ६२ वर्षीया माधव श्रेष्ठले कृषिसँगै धर्म संस्कृति र समाज बुझ्ने नेतृत्व आफूहरुले चाहेको बताउनुहुन्छ ।

उहाँहरुले राजनीतिक स्थिरता, विकास निर्माण, भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रशासनिक सेवामा सुधारका आवश्यकता उत्तिकै प्राथमिकतामा रहेको बताउनुहुन्छ । किसानलाई मलबीउको सहज उपलब्धता र कृषि योग्य भूमिको व्यवस्थापनका लागि अब बन्ने सरकार र जनप्रतिनिधिले विशेष ध्यान केन्द्रित गर्नुपर्ने उहाँको चाहना छ ।

"घोषणापत्रमा एउटा भन्छन् काम गर्दा अर्कै गर्छन । घोषणापत्र हेरेर मत कसरी दिनु ?", ५६ वर्षीय खड्का भन्नुहुन्छ, "हाम्रो शङ्करापुर यो नगरपालिका किसानहरु बढी छौँ । यहाँका किसानले उत्पादन गरेका आलु, दूध जस्ता उत्पादनले बजार पाउन मुस्किल छ । पटकपटक नयाँनयाँ सांसद पठायो । तर किसानको समस्या उही छ ।"

काठमाडौँ निर्वाचन क्षेत्र नम्बर दुईमा कूल २८ जना उम्मेदवार चुनावी मैदानमा छन् । तीमध्ये १६ जना विभिन्न राजनीतिक दलका र १२ जना स्वतन्त्र उम्मेदवार छन् ।

नेकपा (एमाले)बाट मणिराम फुयाँल, नेपाली कांग्रेसबाट कविर शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सुनील केसी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट कुन्ती देवी पोखरेल हुनुहुन्छ ।

यस्तै, नेपाल मजदुर किसान पार्टीबाट शर्मिला माली, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट बाल चन्द्र श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी(संयुक्त) का उपेन्द्र कार्की, राष्ट्रिय परिवर्तन पार्टीका अनुप बोहरा, जय मातृभूमि पार्टीका आनन्द सिम्खडा, नेपाल कम्युनिष्ट पार्टी(माओवादी)का प्रकाश बुढाथोकी, उज्यालो नेपाल पार्टीका पवन पोखरेल, त्रिमुल नेपालका कृष्णबहादुर खत्री, राष्ट्रिय मुक्ति पार्टी नेपाल(एकल चुनाव चिह्न) का नर्वदाकुमारी भट्टराई र आमजनता पार्टी (एकल चुनाव चिह्न)का तिलकबहादुर मगर हुनुहुन्छ ।

यस्तै, स्वतन्त्रतर्फ अर्जुन ढुङ्गाना, इरा श्रेष्ठ, टपबहादुर थापा, तिर्थ राज पौडेल, विश्वास बस्नेत, मञ्जु लामा, राजकुमार श्रेष्ठ, रुपक बस्ताकोटी, रुपक सिम्खडा, वीरेन्द्रकुमार साह, सीता तिवारी र त्रिलोकबहादुर चन्द उम्मेदवार हुनुहुन्छ ।

कूल उम्मेदवारमध्ये २२ जना पुरुष र छ जना महिला छन् । दलतर्फबाट तीन र स्वतन्त्रतर्फबाट तीन जना महिला उम्मेदवार रहेका छन् । समावेशिताका आधारमा ७५ प्रतिशत उम्मेदवार खस आर्य, २१.४३ प्रतिशत आदिवासी जनजाति र ३.५७ प्रतिशत मधेसी समुदायका छन् । यस क्षेत्रका कूल मतदाता ८८ हजार ७०८ छन् ।

# हिमालपारि पनि प्रभावित हुँदैन निर्वाचन

**वासुदेव पौडेल र कृष्ण दवाडी**



गण्डकी, १७ फागुन /रासस । निर्वाचन आउन पाँच दिन बाँकी रहँदा गण्डकी प्रदेशअन्तर्गत हिमालपारिका जिल्ला मनाङ र मुस्ताङमा चिसोका कारण निर्वाचन प्रभावित बन्न सक्ने आशङ्का रहे पनि ती क्षेत्रमा निर्वाचन सहज रूपमा हुने देखिएको छ ।

हिमपातका कारण केही स्थानमा मतदान केन्द्र सानुपर्ने भए पनि पछिल्ला समयमा मौसम न्यानो हुँदै गएकाले सम्बन्धित मतदान केन्द्रमा मतदान गर्नेगरी सहमति भएको प्रदेश निर्वाचन कार्यालय, पोखराका प्रमुख नारायण ढकालले जानकारी दिनुभयो । "मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको चार हजार ४०० मिटर उचाइ पार गरेर जानुपर्ने शाङ्ता गाउँ र चार हजार २०० मिटर उचाइमा रहेको मनाङको नार्पा भूमि गाउँपालिकाका नार र फू गाउँमा हिमपातका कारण मतदान केन्द्र सानुपर्ने देखिएको थियो", उहाँले भन्नुभयो, "हाल मौसम न्यानो हुँदै गएकाले बाटो खुलाएर सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने सहमति भएको छ ।" उहाँका अनुसार गण्डकी प्रदेशमा तीन हजार मिटरभन्दा बढी उचाइ माथिका मतदान केन्द्र ५४ वटा छन् । तीमध्ये मुस्ताङमा २४, गोरखामा १५, मनाङमा १४ र म्याग्दीमा एउटा मतदान केन्द्र रहेका ढकालले जानकारी दिनुभयो । तीन हजार मिटरभन्दा माथि उचाइका मतदान केन्द्रमा खटिने कर्मचारीका लागि लागि आवश्यक पर्न सक्ने औषधीहरूको समेत तयारी गरिएको ढकालले जानकारी दिनुभयो ।गण्डकी प्रदेश हिमाल र पहाड तराई तीनै किसिमका भूभाग समेटिएको क्षेत्र हो । यहाँ हिमाल पारिका जिल्ला मनाङ, मुस्ताङसहित पहाडी जिल्ला कास्की, स्याङ्जा हुँदै तराईको जिल्ला नवलपुर समेटिएको छ ।अठार वटा निर्वाचन क्षेत्र रहेको गण्डकीमा ३० जना स्वतन्त्र उम्मेदवारसहित २३४ जनाको उम्मेदवारी परेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार तीमध्ये २०५ पुरुष र २९ जना महिला उम्मेदवार छन् । प्रदेशमा सबैभन्दा बढी १८ दलले कास्कीमा उम्मेदवारी दर्ता गरेका छन् भने मनाङमा तीन दलले मात्र उम्मेदवारी दर्ता गरेका उहाँले उल्लेख गर्नुभयो ।प्रदेश निर्वाचन कार्यालयका अनुसार गण्डकी प्रदेशमा कुल १८ लाख ७० हजार ६५ मतदाता रहेकामा पुरुषको सङ्ख्या नौ लाख १४ हजार ८००, महिलाको सङ्ख्या नौ लाख ५५ हजार २५१ र अन्य १४ जना रहेका छन् । प्रदेशमा निर्वाचनका लागि एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र निर्धारण गरिएको छ । उक्त केन्द्रमा १४ हजार ३५० जना कर्मचारी र सात हजार ६५ जना स्वयम्सेवक खटिने ढकालले जानकारी दिनुभयो ।निर्वाचनका लागि प्रदेशका सबै जिल्लामा तयारी तीव्र रूपमा अघि बढेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । प्रदेशको राजधानी रहेको कास्की जिल्लामा निर्वाचनका सबै किसिमका तयारीलाई तीव्र रूपमा अघि बढाइएको मुख्य निर्वाचन अधिकृत हिमलाल बेलबासेले जानकारी दिनुभयो ।

जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा ४९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । जसमध्ये ४४ पुरुष र पाँच महिला उम्मेदवार रहनुभएको छ । जिल्लामा तीन लाख आठ हजार ५७२ मतदाता रहनुभएको छ । जिल्लामा १५३ मतदानस्थल र ३६३ मतदान केन्द्र कायम गरिएको छ ।मुख्य निर्वाचन अधिकृत बेलबासेका अनुसार जिल्लामा निर्वाचन आचारसंहिता पालना गराउने विषयलाई प्राथमिकताका साथ अघि बढाइएको छ ।

# स्वतन्त्र उम्मेदवारद्वारा नेकपा उम्मेदवारलाई समर्थन

**- रामहरि कार्की**



ललितपुर, १७ फागुन प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा ललितपुर निर्वाचन क्षेत्र नं. २ को राजनीतिक समिकरणमा महत्वपूर्ण मोड आएको छ। स्वतन्त्र उम्मेदवारका रूपमा चुनावी मैदानमा उत्रिएका बाबुराज बज्राचार्यले आफ्नो उम्मेदवारी निष्क्रिय पार्दै राजेन्द्र अमात्यलाई समर्थन गर्ने घोषणा गरेका छन्।निर्वाचनको तयारी अन्तिम चरणमा पुगिरहेका बेला बज्राचार्यको यो निर्णयले क्षेत्रको चुनावी वातावरण थप तरंगित बनेको छ । उनले नेकपा उम्मेदवार अमात्यलाई समर्थन गर्दै मतदातासँग तारा चुनाव चिह्नमा मतदान गरी प्रत्यक्ष तथा समानुपातिक दुवै तर्फका उम्मेदवारलाई विजयी गराउन आग्रह गरेका छन्।समर्थन कार्यक्रममा बोल्दै बज्राचार्यले आफूले व्यक्तिगत महत्वाकांक्षाभन्दा पनि राजनीतिक उद्देश्य र विचारलाई प्राथमिकता दिएको बताए। "देश र जनताको हितमा अघि बढ्न सक्ने नेतृत्वलाई साथ दिनु नै अहिलेको आवश्यकता हो," उनले भने, "त्यसैले मैले उम्मेदवारी निष्क्रिय पारेर नेकपाका उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको हुँ।"उनी यसअघि नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट असन्तुष्टि जनाउँदै विद्रोहस्वरूप स्वतन्त्र उम्मेदवारी दिएका थिए। तर पछिल्लो राजनीतिक छलफल र समीकरणपछि उनले आफ्नो धारणा परिवर्तन गर्दै एकीकृत वाम धारलाई बलियो बनाउनुपर्ने निष्कर्ष निकालेका हुन्।समर्थन कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य दिनेश महर्जन 'दिपेश' तथा जिल्ला संयोजक शिव कट्टेलको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै नेताहरूले बज्राचार्यको निर्णयलाई स्वागतयोग्य र दूरदर्शी कदमका रूपमा व्याख्या गरे। उनीहरूले क्षेत्र नं. २ मा वामपन्थी मत एकीकृत हुँदा विकास, स्थायित्व र जनअपेक्षा पूरा गर्न सहज हुने विश्वास व्यक्त गरे।बज्राचार्यले आफू र आफ्ना समर्थकहरू अब अमात्यको पक्षमा पूर्ण रूपमा सक्रिय हुने बताएका छन्। "हामी सबै मिलेर तारा चिह्नमा मतदान गरी परिवर्तनको पक्षमा उभिनुपर्छ," उनले मतदातालाई अपिल गर्दै भने।उनको उम्मेदवारी निष्क्रिय भएसँगै ललितपुर-२ को चुनावी प्रतिस्पर्धा नयाँ ढंगले अघि बढ्ने आकलन गरिएको छ । राजनीतिक विश्लेषकहरूका अनुसार यस निर्णयले मत विभाजन रोकिने र नेकपा उम्मेदवारलाई प्रत्यक्ष लाभ पुग्ने सम्भावना देखिएको छ।निर्वाचन लोकतन्त्रको उत्सव हो। यस्तो घडीमा उम्मेदवारहरूबीच हुने समर्थन र सहकार्यले राजनीतिक संस्कृतिलाई परिपक्व बनाउने अपेक्षा गरिएको छ। बाबुराज बज्राचार्यको निर्णयले व्यक्तिगत प्रतिस्पर्धाभन्दा सामूहिक उद्देश्यलाई प्राथमिकता दिन सकिने सन्देश दिएको स्थानीय मतदाताहरूको प्रतिक्रिया छ ।



सिटी पोष्ट राष्ट्रिय दैनिक
City Post National Daily

# अर्थ बजार

## नेप्सेको वेबसाइटमा देखिएको समस्या समाधान




काठमाडौँ, १७ फागुन (रासस) । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)को वेबसाइटमा देखिएको प्राविधिक समस्या करिब डेढ घण्टापछि समाधान भएको छ ।

नेप्सेका प्रवक्ता मुराहरी पराजुलीका अनुसार आजको कारोबार बन्द भएको केही समयपछि केही कम्पनीको शेयर मूल्य शून्य देखिएको थियो । "केही कम्पनीको क्लोजिङ प्राइस शून्य देखाउँदा समग्र परिसूचकमा ठूलो अङ्कको गिरावट देखिएको थियो । यो प्राविधिक त्रुटि हो, त्यो समस्या समाधान भइसकेको छ", उहाँले राससँग भन्नुभयो ।
आज नेप्से परिसूचक १९ दशमलव २७ अङ्कले बढेर दुई हजार ६७४ दशमलव २० को बिन्दुमा कायम भएको थियो, तर बजार बन्द भएको करिब आधा घण्टापछि परिसूचक ८८५ दशमलव ३२ अङ्कले घटेर एक हजार ७६९ मा पुगेको देखिएको थियो । जुन ३३ दशमलव ३४ प्रतिशतको गिरावट हो । नेप्से परिसूचकमा एकाएक ठूलो अङ्कको गिरावट देखिएपछि लगानीकर्तामा अन्यौलता देखिएको थियो भने केही लगानीकर्ताले बारम्बार यस्ता समस्या दोहोरिन थालेको भन्दै सामाजिक सन्जालमा गुनासो पोखेका थिए ।नेप्सेको प्राविधिक टोलीले समस्या समाधान गरिसकेको र परिसूचक पहिलेकै अवस्थामा देखिएको प्रवक्ता पराजुलीले बताउनुभयो ।

यसैगरी, नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १९ दशमलव २७ अङ्कले बढेर दुई हजार ६७४ दशमलव २० को बिन्दुमा कायम भएको छ । यो शून्य दशमलव ७२ प्रतिशतको वृद्धि हो ।आज ३४१ कम्पनीको एक करोड ३१ लाख ९३ हजार ४६२ कित्ता शेयर ५५ हजार २०६ पटक खरिद बिक्री हुँदा रु पाँच अर्ब ६४ करोड ८३ लाख १९ हजार ४१ दशमलव ३६ को कारोबार भएको छ ।आज सबै समूहको उपसूचक बढेको छ । सलपा विकास बैंक लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा बढी हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य चार दशमलव १६ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा आज सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ३६ करोड पाँच लाख तीन हजार १४० बराबरको कारोबार भएको छ । त्यस्तै कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी अपि पावर कम्पनी लिमिटेडको १० लाख ४९ हजार ८४४ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

## आजका लागि कृषिउपजको थोक मूल्य

काठमाडौँ, १७ फागुन(रासस) : कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आजका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ७०, गोलभैँडा सानो (टनेल) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (भारतीय) प्रतिकिलो रु ३२, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु ४०, आलु रातो प्रतिकिलो रु २५, आलु रातो (भारतीय) प्रतिकिलो रु २५ र प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३७ रहेको छ ।

यसैगरी, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ४०, बन्दा (लोकल) प्रतिकिलो रु ४०, बन्दा (नरिबल) प्रतिकिलो रु ३५, काउली स्थानीय प्रतिकिलो रु ४०, काउली स्थानीय (ज्यापू) प्रतिकिलो रु ५०, काउली तराई प्रतिकिलो रु ४०, रातो मूला प्रतिकिलो रु ४०, सेतो मूला (लोकल) प्रतिकिलो रु १५, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २०, भन्टा लाम्चो प्रतिकिलो रु ८० र भन्टा डल्लो प्रतिकिलो रु ८५ कायम भएको छ ।

त्यसैगरी, मटरकोसा प्रतिकिलो रु ४०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ५०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, टाटे सिमी प्रतिकिलो रु ८०, तिते करेला प्रतिकिलो रु १८०, घिरौँला प्रतिकिलो रु ११०, लौका प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ६०, हरियो फर्सी (लाम्चो) प्रतिकिलो रु २०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २०, सलगम प्रतिकिलो ६०, भिन्डी प्रतिकिलो १४०, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ७० र स्कुस प्रतिकिलो रु ६० कायम गरिएको छ ।

रायोसाग प्रतिकिलो रु २५, पालुङ्गो प्रतिकेजी रु ४०, चमसुर प्रतिकिलो रु ५०, तोरीसाग प्रतिकिलो रु २५, मेथी प्रतिकिलो रु ५०, हरियो प्याज प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ४५, तरुल प्रतिकिलो रु ८०, च्याउ (कन्य) प्रतिकिलो रु १४०, च्याउ (डल्ले) प्रतिकिलो रु ४००, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १,००० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ५०, चुकुन्दर प्रतिकिलो रु ८०, सजीवन प्रतिकेजी रु ३००, रातो बन्दा प्रतिकिलो रु ७०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ७०, सेलरी प्रतिकिलो रु १७०, पार्सले प्रतिकिलो रु ४००, सौफको साग प्रतिकिलो रु ६०, पुदिना प्रतिकिलो रु ३५०, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १८०, तामा प्रतिकिलो रु १३०, तोफु प्रतिकिलो रु १५०, गुन्द्रुक प्रतिकिलो रु ३०० र रूखटमाटर प्रतिकेजी रु २८० तोकिएको छ ।

स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फुजी) प्रतिकिलो रु ३००, केरा (दर्जन) रु १९०, कागती प्रतिकिलो रु २५०, अनार प्रतिकिलो रु ३८०, अङ्गुर (कालो) प्रतिकिलो रु ३२०, सुन्तला (भारतीय) प्रतिकिलो रु १८०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु १५०, जुनार प्रतिकिलो रु १२०, भुइँकटहर प्रतिगोटा रु १५०, काँक्रो (लोकल) प्रतिकिलो रु ११०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ६५, काँक्रो (लोकलक्रस) प्रतिकिलो रु ९०, रुख कटहर प्रतिकिलो रु १२०, नास्पाती (चाइनिज) प्रतिकिलो रु २५०, मेवा (नेपाली) प्रतिकिलो रु ७०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु २२०, किनु प्रतिकिलो रु १३०, स्ट्रबेरी प्रतिकिलो रु ५००, किबी प्रतिकिलो रु ३५० र एभोकाडो प्रतिकिलो रु ४०० निर्धारण गरिएको छ ।

यसैगरी, अमला प्रतिकिलो रु १२०, अदुवा प्रतिकिलो रु १२०, सुकेको खुर्सानी प्रतिकिलो रु ४३०, खुर्सानी हरियो प्रतिकिलो रु १४०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु १३०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो रु ८००, भेडे खुर्सानी प्रतिकिलो रु ११०, हरियो लसुन प्रतिकिलो रु ६०, हरियो धनियाँ प्रतिकिलो रु ५०, लसुन सुकेको (चाइनिज) प्रतिकिलो रु २६०, लसुन सुकेको (नेपाली) प्रतिकिलो रु २००, छ्यापी सुकेको प्रतिकिलो रु १२०, छ्यापी हरियो प्रतिकिलो रु १४०, माछा सुकेको प्रतिकिलो रु १,०००, ताजा माछा (रहु) प्रतिकिलो रु ३५०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २८० र ताजा माछा (छडी) प्रतिकिलो रु २५० निर्धारण गरिएको छ ।

## प्रदेश र स्थानीय तहको अनुदान कटौती गर्न मिल्दैन : वित्त आयोग




काठमाडौँ, १७ फागुन:(रासस)। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदान कटौती नगर्न केन्द्र सरकारको ध्यानाकर्षण गराएको छ । यही फागुन ११ गतेको आयोगको बैठकले यस्तो निर्णय गरेको हो ।

चालु आर्थिक वर्ष प्रथम छ महिनामा सरकारले लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गर्ने निर्णय गरेको थियो । महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्तावापतको रकम कटौती गर्न निर्देशन दिएको थियो । साथै आयोगले वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्ने अधिकार संविधानअनुसार आफूमा निहीत रहेको स्पष्ट पारेको छ ।

"संवैधानिक व्यवस्थामा निहीत अधिकार प्रयोग गरी आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गरी सिफारिस गरेको र उक्त संवैधानिक व्यवस्थाको अधिनमा रही आयोगले गरेको सिफारिस नेपाल सरकारले अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्छ भन्ने आयोगको बुझाइ छ," निर्णयमा उल्लेख छ । "तसर्थ आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट भएको सिफारिस तथा सङ्घीय संसदबाट पारित बजेटबमोजिम रकम हस्तान्तरण गर्न अर्थ मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराइन्छ ।"नेपालको संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गर्ने व्यवस्था राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा निहीत छ । धारा २५१ को उपधारा (१) को खण्ड (ख) ले पनि सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने अधिकार आयोगलाई दिएको छ । यी संवैधानिक व्यवस्थाअनुसार आयोगले सिफारिस गरेअनुसार नै अनुदान उपलब्ध गराउनुपर्ने निष्कर्षमा आयोग पुगेको हो ।सरकारले भने लक्षित राजस्व सङ्कलन हुन नसक्दा अनुदान कटौती गर्नुपरेको जनाएको छ । "पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व सङ्कलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ," महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा उल्लेख छ। त्यसअनुसार तेस्रो त्रैमासिक किस्तावापत हुने २५ प्रतिशत मध्ये २० दशमलव ४३ प्रतिशत, अर्थात् कुल स्वीकृत वार्षिक बजेटको ७० दशमलव ४३ प्रतिशत नबढ्ने गरी अनुदान हस्तान्तरण गर्न निर्देशन दिइएको छ ।अर्थ मन्त्रालयले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि जारी गरेको ९५ बुँदे मार्गदर्शनमा पहिलो र दोस्रो किस्ता शुरु अनुमानबमोजिम तथा तेस्रो र चौथो किस्ता राजस्व सङ्कलनको अवस्थाका आधारमा निर्धारण गरिने उल्लेख छ । अर्थका अनुसार यस वर्ष रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख आम्दानी गर्ने लक्ष्य राखिएकोमा पुस मसान्तसम्म रु पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् ३८ दशमलव ३८ प्रतिशत मात्र सङ्कलन भएको छ ।

गत आर्थिक वर्षमा पनि अनुदान कटौती भएको थियो । त्यसबेला प्रदेश तथा स्थानीय तहले ठेक्का लागिसकेका र कार्यान्वयनमा गइसकेका योजना तथा कार्यक्रमको बजेट कटौती भएको भन्दै असन्तुष्टि जनाएका थिए। विरोधपछि महालेखा नियन्त्रक कार्यालयले तेस्रो किस्तासम्बन्धी निर्णय संशोधन गर्दै केही रकम निकासा गरेको थियो । चौथो किस्तामा समेत कटौती हुँदा प्रदेश र स्थानीय तहले कुल स्वीकृत वार्षिक बजेटको ९१ दशमलव ७६ प्रतिशत मात्र प्राप्त गरेका थिए ।

## निर्वाचन नजिकिँदै गर्दा आर्थिक चलायमान : दैनिक उपभोग्य वस्तुको माग उच्च

घोराही (दाङ), १७ फागुन(रासस) : प्रतिनिधिसभाको चुनाव नजिकिँदै गर्दा बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन तथा सुरक्षाकर्मीको उपस्थिति बढाइएको छ । यसले सर्वसाधारणलाई आवतजावतमा सहजता हुने गरेको छ। चुनावी सरगर्मीले दाङका सहर तथा ग्रामीण क्षेत्रलाई राजनीतिक रूपमा तताएको छ । बजारमा चहलपहल बढेको छ, सवार ीसाधनको चाप वृद्धि भएको छ र केही व्यवसायमा अस्थायी सुधार देखिएको छ । तर, व्यवसायीको अपेक्षाअनुसार व्यापक आर्थिक चलायमानता भने अझै देखिन बाँकी छ । अब चुनावको मिति झन् नजिकिँदै जाँदा बजारले कस्तो गति लिन्छ भन्नेमा सबैको चासो केन्द्रित भएको छ ।चुनावको मिति नजिकिँदै जाँदा जिल्लाका सहरबजारदेखि ग्रामीण बस्तीसम्म राजनीतिक गतिविधि तीव्र बन्दै गएको छ। फागुन २१ गते हुने निर्वाचनका उम्मेदवार मतदाता भेटघाटमा सक्रिय बनेका छन् । घरदैलो कार्यक्रम, टोलसभा, कोणसभा र अन्तर्क्रियाका कार्यक्रम दैनिकजसो भइरहँदा जिल्लाभर चहलपहल उल्लेख्य रूपमा बढेको देखिन्छ ।पछिल्ला दिनमा उम्मेदवार तथा तीनका समर्थक गाउँगाउँ र टोलटोलमा पुगिरहेका छन् । चुनावी प्रचारप्रसारका लागि सवारीसाधनको प्रयोग बढेको छ भने मोटरसाइकल र गाडीको आवतजावतले बजार क्षेत्रमा भीडभाड पनि बढाएको छ। मुख्य सडक, चोकचोकमा झण्डा, ब्यानर र पोस्टरले सजिएका छन् ।

मानिसको बढ्दो आवतजावतसँगै स्थानीय होटल, खाजा पसल तथा रेष्टुरेन्टमा ग्राहकको सङ्ख्या बढेको व्यवसायी बताउँछन् । विशेषगरी चुनावी टोली बिहानको खाजा, दिउँसोको खाना तथा साँझको नास्ताका लागि होटलमा पुग्ने क्रम बढेको छ। यसले गर्दा तरकारी, मासु, दूध, दही, अन्डालगायत दैनिक उपभोग्य वस्तुको माग पनि उकालो लागेको छ । घोराही, तुलसीपुरलगायतका मुख्य बजार क्षेत्रमा रहेका होटल व्यवसायीका अनुसार विगत केही हप्तायता व्यापारमा केही सुधार देखिएको छ। "अहिले चुनावी टोली दैनिकजसो आउँछन् । चुनावका लागि खटेका खाना खाने हुँदा बिक्री केही बढेको छ", एक होटल व्यवसायीले भने । तर उनीहरूका अनुसार यो वृद्धि स्थायी प्रकृतिको नभइ चुनावी गतिविधिसँग मात्र सीमित छ ।यस्तै, प्रचारप्रसार सामग्री उत्पादन गर्ने छापाखाना तथा डिजिटल प्रिन्टिङ पसलमा पनि कारोबार बढेको छ । पर्चा, पम्पलेट, ब्यानर, फ्लेक्स तथा स्टिकर छपाइका माग बढेका छन् । केही पसलले त अतिरिक्त समय काम गर्नुपरेको बताएका छन् ।



## खाढी...

हाल १७ लाख २९ हजार २८८ जना नेपाली नागरिक रहेका छन् । इजरायलमा करिब ६ हजार ५००, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्समा चार लाख ७८ हजार १४४, ओमानमा २५ हजार, बहराइनमा २८ हजार, जोर्डनमा तीन हजार, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार, साइप्रसमा १७ हजार, इजिप्टमा ५०० तथा इरानमा छ जना नेपाली रहेको जनाइएको छ ।यी देशहरू नेपाली वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मानिन्छन् । विशेषगरी खाडी मुलुकहरूमा कार्यरत नेपाली श्रमिकले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएका छन् । रेमिट्यान्स आयमा उल्लेखनीय हिस्सा ओगट्ने यी श्रमिकहरूको सुरक्षा र स्थायित्व नेपाल सरकारका लागि संवेदनशील विषय हो ।

मध्यपूर्वको अस्थिरताले हाल भिसा र टिकट लिएर गन्तव्य मुलुक जाने तयारीमा रहेका नेपाली नागरिकलाई समेत प्रभावित पारेको छ । केही नेपाली विमानस्थल पुगेपछि उडान स्थगित हुँदा अलपत्र परेको तथा युरोप र अमेरिका जाने क्रममा ट्रान्जिट विमानस्थलमा रोकिएको जानकारी मन्त्रालयले दिएको छ । यस्तो अवस्थामा सरकारले सम्बन्धित एयरलाइन्स र कूटनीतिक नियोगहरूसँग समन्वय गरिरहेको जनाएको छ ।भूराजनीतिक दृष्टिले संवेदनशील मध्यपूर्व क्षेत्र लामो समयदेखि शक्ति प्रतिस्पर्धा, सैन्य हस्तक्षेप र आन्तरिक द्वन्द्वको केन्द्रमा रहँदै आएको छ । पछिल्लो घटनाक्रमले क्षेत्रीय स्थायित्वमा थप चुनौती थपेको छ । यद्यपि, नेपाल सरकारले अहिलेसम्म नेपाली नागरिक प्रत्यक्ष जोखिममा परेको कुनै औपचारिक सूचना नआएको स्पष्ट पारेको छ।सरकारको प्राथमिकता नेपाली नागरिकको सुरक्षा, सूचना प्रवाहको पारदर्शिता र आवश्यक परे शीघ्र उद्धारको तयारीमा केन्द्रित रहेको जनाइएको छ । आपत्कालीन अवस्थाका लागि दूतावासहरूलाई उच्च सतर्क अवस्थामा राखिएको र नियमित प्रतिवेदन संकलन भइरहेको मन्त्रालयले जनाएको छ।समग्रमा, मध्यपूर्वको तनावपूर्ण अवस्थाले लाखौँ नेपाली कामदार र तिनका परिवारलाई चासो र चिन्तामा पारेको छ । यस्ता परि स्थितिमा आधिकारिक सूचनाको आधारमा संयमित र सतर्क व्यवहार गर्नु आवश्यक रहेको सरकारको आग्रह छ । आगामी दिनमा क्षेत्रीय परिस्थिति कसरी विकसित हुन्छ भन्ने कुराले त्यहाँ रहेका नेपाली नागरिकको दैनिकी र नेपालको श्रम-आर्थिक सरोकारमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ ।

## निर्वाचनकालागि...

निर्वाचनलाई उल्लासमय र सहभागितामूलक बनाउन राज्य संयन्त्र मात्र होइन, राजनीतिक दल र नागरिक समाजको सहकार्य पनि आवश्यक रहेको उहाँको भनाइ थियो ।भ्रमणकै क्रममा गृहमन्त्री अर्यालले बाँके जिल्लामा कायम धार्मिक सहिष्णुताको प्रशंसा गर्नुभयो । उहाँका अनुसार सामाजिक सद्भाव कायम रहनु निर्वाचनको सफलताका लागि महत्वपूर्ण आधार हो । स्थानीय नेतृत्वले समयमै संवेदनशील विषयहरू व्यवस्थापन गरेको भन्दै उहाँले त्यसलाई सकारात्मक उदाहरणका रूपमा प्रस्तुत गर्नुभयो ।

निर्वाचनको वातावरण शान्तिपूर्ण रहनुमा स्थानीय प्रशासन, राजनीतिक दल तथा नागरिक समाजबीचको समन्वय निर्णायक हुने विश्लेषकहरू बताउँछन् । सरकारको तर्फबाट गरिएको उच्चस्तरीय भ्रमण र प्रत्यक्ष संवादले सम्भावित जोखिम पहिचान र न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यसैबीच नेपाली सेना ले २०४८ सालको प्रतिनिधिसभा निर्वाचनदेखि हालसम्मका सबै निर्वाचनमा आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको स्मरण गराएको छ । जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा जारी विज्ञप्तिमा मतपत्र छपाइस्थलको सुरक्षा, काठमाडौँबाट जिल्लास्थित निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी तथा मतदानपछि मतपेटिका सुरक्षित रूपमा गणनास्थलसम्म पुऱ्याउने कार्यमा सेना परिचालित हुँदै आएको उल्लेख छ ।

निर्वाचन अवधिभर तेस्रो घेराको सुरक्षामा रहने सेनाले मतदान सम्पन्न भएपछि स्थापित 'प्रोटोकल' अनुसार संयुक्त टोलीमार्फत मतपेटिका ढुवानी गर्ने जनाएको छ । यस संयुक्त टोलीमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, निर्वाचन अधिकृत, दलका प्रतिनिधि तथा नेपाली सेना सम्मिलित रहने व्यवस्था छ ।सेनाले एकीकृत सुरक्षा योजनाअनुसार सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी निर्वाचनलाई सुरक्षित रूपमा सम्पन्न गराउन आफू प्रतिबद्ध रहेको जनाएको छ । निर्वाचन सुरक्षासम्बन्धी सम्पूर्ण कार्य प्रचलित कानुन तथा एकीकृत सुरक्षा योजनाअनुसार सञ्चालन भइरहेको उल्लेख गरिएको छ ।

निर्वाचन सुरक्षा व्यवस्थामा 'एकीकृत सुरक्षा योजना' को अवधारणा पछिल्ला वर्षहरूमा सुदृढ हुँदै आएको छ । यसअन्तर्गत सुरक्षा जिम्मेवारी विभिन्न तहमा बाँडफाँट गरिन्छ–पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी बल र तेस्रोमा नेपाली सेना । यस्तो बहुस्तरीय संरचनाले संवेदनशील क्षेत्रको सुरक्षा मजबुत बनाउने अपेक्षा गरिएको छ ।

सुरक्षा निकायहरूबीच समन्वय कायम रहनु निर्वाचन व्यवस्थापनको मूल आधार हो । विगतका निर्वाचनमा देखिएका केही प्राविधिक तथा व्यवस्थापकीय कमजोरीहरूलाई मध्यनजर गर्दै यसपटक थप सजगता अपनाइएको अधिकारीहरू बताउँछन् ।

निर्वाचन केवल प्राविधिक प्रक्रिया मात्र नभई नागरिकको विश्वाससँग गाँसिएको विषय हो । मतदाता सुरक्षित महसुस नगरेसम्म निर्वाचनको वैधता र विश्वसनीयता प्रभावित हुन सक्छ । त्यसैले सुरक्षा तयारीको सार्वजनिक जानकारीले मतदातामा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ ।

विशेषगरी दुर्गम तथा संवेदनशील जिल्लामा मतपत्र ढुवानी र मतपेटिका सुरक्षाको विषय अत्यन्त महत्वपूर्ण हुन्छ । यातायात पूर्वाधार कमजोर भएका क्षेत्रमा समेत सुरक्षाकर्मीको समन्वित परिचालनमार्फत प्रक्रिया सुरक्षित राख्ने प्रयास हुँदै आएको छ ।गृहमन्त्री अर्यालले देशवासीलाई निर्धक्क भएर मतदानमा सहभागी हुन आग्रह गर्नुभएको छ । उहाँका अनुसार लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता नै राजनीतिक स्थायित्व र समृद्धिको आधार हो ।सरकारको दाबी अनुसार अहिले समग्र देशमा निर्वाचनको माहोल बनेको छ र व्यापक जनसहभागितासहित निर्वाचन सफल हुने विश्वास व्यक्त गरिएको छ।आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सरकार र सुरक्षा निकायहरूले तयारी तीव्र बनाएका छन् । गृहमन्त्रीको स्थलगत अनुगमन, सुरक्षा निकायहरूको संयुक्त परिचालन र नेपाली सेनाको स्पष्ट प्रतिबद्धताले निर्वाचनलाई व्यवस्थित ढङ्गले सम्पन्न गराउने संकेत गरेको छ ।

यद्यपि, निर्वाचनको सफलताको अन्तिम परीक्षा मतदान दिवस र त्यसपछिको मतगणना प्रक्रियामा हुनेछ । सुरक्षा संयन्त्रको प्रभावकारिता, राजनीतिक दलहरूको संयमता र नागरिकको सचेत सहभागिताले मात्रै लोकतान्त्रिक अभ्यासलाई सार्थक बनाउनेछ ।राज्यका संयन्त्रहरूले व्यक्त गरेको प्रतिबद्धता व्यवहारमा कति प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्ने कुरा केही दिनमै स्पष्ट हुनेछ । तर हालका तयारी र घोषणाले कम्तीमा एउटा सन्देश भने दिएको छ । निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ र विश्वसनीय बनाउने दिशामा राज्य संयन्त्र सजग र प्रतिबद्ध छ ।

यसैगरी, प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले निर्वाचनलाई राष्ट्रिय सङ्कल्पका रूपमा लिई त्यसलाई भयरहित वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सबै प्रहरी कर्मचारी सामूहिक जिम्मेवारीबोधका साथ कार्यक्षेत्रमा जुट्नुपर्ने बताउनुभएको छ । निर्वाचन हुनुअघि, निर्वाचनको बेला र निर्वाचनपछि अपनाउनुपर्ने सुरक्षा सतर्कता तथा समसामयिक विषयमा आइतबार श्रव्यदृश्यका माध्यमद्वारा प्रहरी कर्मचारीहरूलाई निर्देशन दिँदै उहाँले राष्ट्रप्रतिको आफ्नो दायित्व नबिर्सन निर्देशन दिनुभयो । साथै उहाँले सुरक्षा संवेदनशीलतालाई विश्लेषण गर्दै रणनीतिसहित कार्यक्षेत्रमा परिचालन हुन निर्देशन दिनुभयो । प्रहरी महानिरीक्षक कार्कीले भरपर्दो सुरक्षा योजना अवलम्बन गर्दै अन्य सुरक्षा निकायसँग निरन्तर समन्वय र सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

## निष्पक्ष, ...

राजनीतिक विश्लेषकहरूका अनुसार, आन्दोलनपछि उत्पन्न अस्थिरता र अविश्वासको वातावरणलाई संस्थागत प्रक्रियामार्फत समाधान गर्न निर्वाचन महत्वपूर्ण माध्यम मानिन्छ । यस्तो अवस्थामा प्रमुख दलका नेताहरूबाट आउने सार्वजनिक अपिलले मतदाता सहभागितामा सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ ।

संयोजक प्रचण्डले आफू सरकारको नेतृत्वमा रहँदा सुशासन र विधिको शासन स्थापित गर्ने प्रयास गरिएको दाबी गर्नुभयो । उहाँले ठूला भ्रष्टाचार काण्डहरू उजागर गरिएको उल्लेख गर्दै त्यस अभियानलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

"हामी सरकारमा हुँदा सुशासन कार्यान्वयनको प्रयास गऱ्यौँ, तर सरकार परिवर्तन भयो," उहाँले भन्नुभयो, "प्रतिपक्षमा रहँदा पनि कुशासनविरुद्ध निरन्तर आवाज उठाइरह्यौँ।"यस अभिव्यक्तिले आगामी निर्वाचनमा सुशासन र भ्रष्टाचार नियन्त्रणलाई मुख्य एजेण्डाका रूपमा प्रस्तुत गर्ने संकेत दिएको विश्लेषण गरिएको छ । नेपालमा पछिल्लो समय सार्वजनिक उत्तरदायित्व, पारदर्शिता र संस्थागत सुधारका मुद्दा मतदातामाझ महत्वपूर्ण बन्दै गइरहेका छन् ।

संयोजक प्रचण्डले निर्वाचनमा जनताले सबै दलको भूमिकाको निष्पक्ष मूल्याङ्कन गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आफ्नो पार्टीलाई मत दिन आग्रह गर्दै राजनीतिक प्रतिस्पर्धा स्वस्थ र लोकतान्त्रिक मर्यादाभित्र हुनुपर्ने धारणा राख्नुभयो । मतदातालाई सम्बोधन गर्दै उहाँले निर्वाचनलाई अवसरका रूपमा लिन आग्रह गर्नुभयो । जहाँ नागरिकले आफ्ना आकांक्षा, असन्तुष्टि र अपेक्षा मतमार्फत व्यक्त गर्न सक्छन् ।निर्वाचनको समयमा तनाव, अफवाह वा अवरोध सिर्जना हुने सम्भावनाप्रति सचेत रहन पनि उहाँले आग्रह गर्नुभयो । लोकतान्त्रिक प्रक्रियामा अवरोध पुऱ्याउने कुनै पनि गतिविधिले देशलाई पुनः अस्थिरतातर्फ धकेल्न सक्ने चेतावनी दिँदै संयोजक प्रचण्डले शान्तिपूर्ण वातावरण कायम राख्नु सबैको साझा दायित्व भएको उल्लेख गर्नुभयो ।निर्वाचन अवधिमा राजनीतिक दलबीचको प्रतिस्पर्धा स्वाभाविक भए पनि हिंसा, उत्तेजना वा असहिष्णुताले लोकतान्त्रिक अभ्यासलाई कमजोर पार्ने भएकाले संयम आवश्यक हुने उहाँको भनाइ थियो ।

नेपालको राजनीतिक इतिहासमा निर्वाचनले बारम्बार संक्रमणकालीन अवस्थाबाट निकास दिने माध्यमका रूपमा काम गरेको छ । अस्थिर सरकार, आन्दोलन वा राजनीतिक पुनर्संरचनापछि जनमतमार्फत नयाँ वैधता प्राप्त गर्ने परिपाटी स्थापित हुँदै आएको छ ।यस सन्दर्भमा संयोजक प्रचण्डको अपिललाई केवल दलगत सन्देश मात्र नभई समग्र निर्वाचन वातावरणलाई प्रभावित पार्ने राजनीतिक वक्तव्यका रूपमा पनि हेरिएको छ । प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूबाट आउने यस्ता सन्देशले सुरक्षा निकाय, निर्वाचन व्यवस्थापन निकाय र मतदातालाई मनोवैज्ञानिक रूपमा सन्देश दिन्छन । निर्वाचनलाई शान्तिपूर्ण बनाउन सबै प्रतिबद्ध छन् भन्ने ।नेपालमा निर्वाचन सहभागिता लोकतान्त्रिक स्वास्थ्यको संकेतका रूपमा लिइन्छ । विगतका निर्वाचनमा मतदाताको सहभागिता उल्लेखनीय रहे पनि राजनीतिक निराशा, वैदेशिक रोजगारी र बसाइँसराइका कारण मतदाता सूचीकृत भए पनि मतदानमा उपस्थित नहुने चुनौती पनि देखिएको छ ।यस पृष्ठभूमिमा, प्रमुख दलका नेताहरूबाट गरिएको अपिलले मतदातालाई मतदान केन्द्रसम्म आकर्षित गर्ने अपेक्षा गरिएको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै प्रचण्डको अपिलले राजनीतिक दलहरूबीच प्रतिस्पर्धा भए पनि निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण र विश्वसनीय बनाउने साझा प्रतिबद्धता आवश्यक रहेको सन्देश दिएको छ ।

लोकतन्त्रको मूल आधार नागरिकको मताधिकार हो । त्यसको सम्मान, संरक्षण र निष्पक्ष अभ्यास सुनिश्चित गर्नु राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हो ।निर्वाचन केवल सरकार गठनको प्रक्रिया मात्र होइन । यो जनताको विश्वास पुनःस्थापित गर्ने अवसर पनि हो । संयोजक प्रचण्डको अपिलले यही सन्देश पुनः दोहोऱ्याएको देखिन्छ ।

# खामेनीको मृत्यु र विश्वको सावधानीपूर्ण प्रतिक्रिया




ब्रसेल्स, १७, फागुन (रासस/एपी) : अमेरिका र इजरायलले इरानमाथि सुरु गरेको व्यापक सैन्य आक्रमण र इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको रिपोर्ट गरिएको मृत्युले मध्यपूर्वलाई अनिश्चित मोडमा पुऱ्याएको छ । सन् १९७९ को इस्लामिक क्रान्तिपछि सत्तामा रहेको इस्लामिक गणतन्त्रका दोस्रो सर्वोच्च नेताको निधन भएको समाचार बाहिरिएसँगै क्षेत्रीय शक्ति सन्तुलन, आणविक कार्यक्रमको भविष्य र सम्भावित व्यापक युद्धबारे विश्वभर गम्भीर चासो व्यक्त गरिएको छ। विश्व नेताहरूले सावधानीपूर्वक प्रतिक्रिया जनाउँदै संयमता र कूटनीतिक पहलको आह्वान गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत खामेनीको मृत्यु पुष्टि गर्दै यसलाई 'इरानी जनताका लागि आफ्नो देश फिर्ता लिने सबैभन्दा ठूलो अवसर' बताउनुभएको छ । इरानी सरकारी सञ्चारमाध्यमले ८६ वर्षीय नेताको निधन भएको जनाएको छ, तर कारण खुलाएको छैन । इजरायली अधिकारीहरूले नाम नछाप्ने सर्तमा उहाँको मृत्यु भएको जानकारी दिएका थिए भने इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले टेलिभिजन सम्बोधनमा खामेनीको कम्पाउन्डमा गरिएको आक्रमणपछि उहाँको मृत्यु भएको 'बढ्दो सङ्केत' देखिएको उल्लेख गर्नुभएको छ ।खामेनीको स्पष्ट उत्तराधिकारी सार्वजनिक रूपमा तोकिएको थिएन । त्यसैले उहाँको सम्भावित निधनले इरानको राजनीतिक संरचना र नेतृत्व सङ्क्रमणलाई लिएर अन्योल थपिएको छ । विश्लेषकहरूले यसले आन्तरिक शक्ति सङ्घर्ष चर्किन सक्ने र बाह्य द्वन्द्व तीव्र हुन सक्ने सङ्केत गरेका छन् । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले यसै विषयमा आपतकालीन बैठक बोलाएको छ ।अमेरिका र इजरायलले शनिबार इरानविरुद्ध ठूलो आक्रमण सुरु गरेका थिए । राष्ट्रपति ट्रम्पले इरानी जनतालाई वर्तमान धार्मिक शासनविरुद्ध उभिन र 'आफ्नो भाग्यको नियन्त्रण लिन' आह्वान गर्नुभएको छ । त्यसको प्रत्युत्तरमा इरानले इजरायल तथा मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको जनाएको छ । क्षेत्रीय तनाव तीव्र बन्दै जाँदा प्रतिशोध र प्रतिआक्रमणको चक्र लम्बिने चिन्ता बढेको छ ।युरोपेली शक्तिहरूले प्रत्यक्ष समर्थन वा निन्दा नगरी वार्ताको बाटो रोज्न आग्रह गरेका छन् । बेलायतका प्रधानमन्त्री किर स्टर्मर, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र जर्मनीका चान्सलर फ्रेडरिक मर्जले संयुक्त विज्ञप्ति जारी गर्दै अमेरिका र इरानलाई तत्काल वार्तामा फर्किन आग्रह गर्नुभएको छ । उहाँहरूले आफ्नो देश आक्रमणमा संलग्न नभएको स्पष्ट पार्दै इरानको आणविक कार्यक्रम, ब्यालिस्टिक गतिविधि र क्षेत्रीय अस्थिरताका प्रश्न कूटनीतिक माध्यमबाट मात्र समाधान हुनसक्ने बताउनुभएको छ ।अरब लिगले इरानी आक्रमणलाई शान्ति र स्थिरताका लागि प्रयासरत देशहरूको सार्वभौमसत्तामाथिको स्पष्ट उल्लङ्घन भनेको छ। मोरक्को, जोर्डन, सिरिया र संयुक्त अरब इमिरेट्सलगायतका राष्ट्रहरूले क्षेत्रका अमेरिकी सैन्य अड्डामा लक्षित इरानी हमलाको निन्दा गरेका छन् । साउदी अरेबियाले इरानी कदमलाई कडा शब्दमा आलोचना गर्दै क्षेत्रीय स्थिरता जोगाउन संयमता आवश्यक रहेको जनाएको छ । वार्ताको मध्यस्थता गर्दै आएको ओमानले भने अमेरिकी कारबाहीले अन्तर्राष्ट्रिय कानूनको सिद्धान्त उल्लङ्घन गरेको टिप्पणी गरेको छ ।अस्ट्रेलिया र क्यानाडाले अमेरिकी आहड्तालको समर्थन जनाएका छन् । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले इरानलाई मध्यपूर्वमा अस्थिरता र आतङ्कको प्रमुख स्रोत बताउनुभएको छ ।

यसको विपरीत रुसले आक्रमणलाई पूर्वयोजनाबद्ध सशस्त्र कारबाही भनेको छ र चीनले तत्काल सैन्य कारबाही रोक्न तथा संवादमा फर्किन आग्रह गरेको छ । चिनियाँ विदेश मन्त्रालयले इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान हुनुपर्ने धारणा सार्वजनिक गरेको छ ।क्षेत्रीय स्तरमा जनजीवनमा मिश्रित प्रभाव देखिएको छ । कब्जा गरिएको पश्चिम किनारमा इजरायलको आइरन डोमले मिसाइल अवरोध गरिरहँदा आकाशमा विस्फोटको आवाज सुनिए पनि दैनिक गतिविधि पूर्ण रूपमा ठप्प भएको छैन ।

तर इजरायलले चेकपोइन्टहरू बन्द गरेपछि आपूर्ति अवरोधको आशङ्काले पेट्रोल पम्पहरूमा लामो लाइन देखिएको छ । प्यालेस्टिनी प्राधिकरणले अरब राष्ट्रहरूविरुद्ध इरानी आक्रमणको निन्दा गरेको छ, तर अमेरिकी वा इजरायली कारबाहीबारे टिप्पणी गरेको छैन ।

नर्वेका विदेशमन्त्री एस्पेन बार्थ इडेले अवस्था 'नयाँ, व्यापक युद्ध' तर्फ जान सक्ने चिन्ता व्यक्त गर्नुभएको छ । नोबेल शान्ति पुरस्कार विजेता इन्टरनेसनल क्याम्पेन टु एबोलिस न्युक्लियर वेपन्सले पनि आक्रमणको निन्दा गर्दै यसले आणविक प्रसार र सम्भावित प्रयोगको जोखिम बढाउने चेतावनी दिएको छ । युरोपेली सङ्घ (इयु) र अरब लिगले सबै पक्षलाई संयम अपनाउन र तनाव वा द्वन्द्व न्यूनीकरण गर्ने प्रक्रियातर्फ अग्रसर हुन आग्रह गरेका छन् ।खामेनीको रिपोर्ट गरिएको मृत्यु, नेतृत्व सङ्क्रमणको अनिश्चितता र तीव्र सैन्य कारबाहीबीच मध्यपूर्व गम्भीर मोडमा उभिएको छ । कूटनीतिक प्रयास सफल नभए क्षेत्रीय द्वन्द्व अझ फराकिलो दायरामा फैलिन सक्ने जोखिमप्रति विश्व समुदाय सचेत देखिएको छ ।

यसैगरी, खामेनीको मृत्युपछि गार्ड्सले 'इतिहासकै सबैभन्दा हिंसक' अपरेसन सुरु गर्ने चेतावनी दिएको छ । खाडी क्षेत्रभर विस्फोटका घटनाहरू रिपोर्ट भएका छन् । संयुक्त अरब इमिरेट्सले अबु धाबीमा एक पाकिस्तानी नागरिकसहित दुई जनाको मृत्यु भएको जनाएको छ भने आफ्नो भूभागमा १३७ मिसाइल र २०९ ड्रोन प्रहार गरिएको दाबी गरेको छ । दुबईमा विस्फोटको आवाज र 'द पाम' क्षेत्रमा धुवाँ देखिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । चार जना घाइते भएका छन् ।

रियाद, मनामा र दोहामा पनि ठूलो विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताहरूले जनाएका छन् । कतारले आफूविरुद्ध प्रहार गरिएका थुप्रै क्षेप्यास्त्र रोकेको दाबी गरेको छ । इराकस्थित कातेब हिजबुल्लाह समूह आबद्ध सैन्य अड्डामा भएको हवाई आक्रमणमा दुई जनाको मृत्यु भएको छ र उक्त समूहले अमेरिकाविरुद्ध जवाफ दिने चेतावनी दिएको छ । इरानले रणनीतिक होर्मुज जलडमरूमध्य बन्द गर्न कदम चालेको घोषणा गरेको छ, जसबाट विश्वको ठूलो हिस्सा तेल तथा ग्यास आपूर्ति हुँदै आएको छ ।

विकासक्रमले अन्तर्राष्ट्रिय समुदायलाई पनि गम्भीर चिन्तामा पारेको छ । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले आपतकालीन बैठक बोलाएको छ । इरानका प्रतिनिधिले अमेरिका र इजरायलमाथि सर्वसाधारणमाथि आक्रमण गरी सम्भावित युद्ध अपराध गरेको आरोप लगाएका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सैन्य कारबाहीले नियन्त्रणबाहिर जाने घटनाक्रम निम्त्याउन सक्ने चेतावनी दिनुभएको छ ।
तेहरान-वासिङ्टन वार्तामा मध्यस्थता गरिरहनुभएका ओमानका विदेशमन्त्रीले हिंसाबाट निराश भएको प्रतिक्रिया दिनुभएको छ । युरोपेली सङ्घ (इयु) ले परिस्थितिलाई 'खतरनाक' भनेको छ। खाडी राष्ट्रहरूले संयुक्त वक्तव्यमार्फत इरानको आक्रमणको निन्दा गरेका छन् भने रुसले अमेरिका-इजरायल कारबाहीलाई 'खतरनाक साहसिक कार्य' भन्दै क्षेत्रीय विनाश निम्त्याउन सक्ने टिप्पणी गरेको छ ।

राष्ट्रिय दैनिक
# सिटी पोष्ट
City Post National Daily

खेलकुद समाचार

सोमबार, १८ फागुन २०८२ (Monday, March 2, 2026)

## राष्ट्रिय लिग फुटबलमा एनआरटीसँग चित्लाङ पराजित

*-सिटीपोष्ट सम्वाददाता*



काठमाडौँ, १७ फागुन । राजधानीमा जारी राष्ट्रिय लिग फुटबल प्रतियोगितामा न्युरोड टिम (एनआरटी) ले महत्त्वपूर्ण जित दर्ता गर्दै शीर्ष स्थानतर्फको आफ्नो दावेदारी थप बलियो बनाएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतबार सम्पन्न खेलमा न्युरोड टिम (एनआरटी) ले चित्लाङ फुटबल क्लब लाई २-१ गोलअन्तरले पराजित गरेको हो ।खेलको सुरुआती समयदेखि नै एनआरटी आक्रामक देखिएको थियो। खेल सुरु भएको १०औं मिनेटमै राजिव लोप्चनले सुन्दर प्रहारमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए । प्रारम्भिक अग्रताले एनआरटीलाई मनोवैज्ञानिक रूपमा मजबुत बनाएको थियो भने चित्लाङ दबाबमा परेको देखिन्थ्यो ।तर खेलको ३७औं मिनेटमा अप्रत्याशित मोड आयो। एनआरटीकै खेलाडी सनम सोदेम्बा लिम्बूबाट आत्मघाती गोल भएपछि खेल १-१ को बराबरीमा पुग्यो। आत्मघाती गोलले खेलको गति केही समयका लागि परिवर्तन गऱ्यो र चित्लाङले पनि आक्रमणको प्रयास बढायो । पहिलो हाफ बराबरीमा टुंगिएसँगै दोस्रो हाफ थप प्रतिस्पर्धात्मक हुने संकेत देखिएको थियो ।दोस्रो हाफ सुरु भएपछि एनआरटीले पुनः खेलमा नियन्त्रण जमाउने प्रयास गऱ्यो । त्यसैक्रममा खेलको ५४औं मिनेटमा टिमोथी चिएमेरिए ओकेरेकेले निर्णायक गोल गर्दै टोलीलाई पुनः अग्रतामा पुऱ्याए । उक्त गोल नै खेलको अन्तिम निर्णायक क्षण सावित भयो । त्यसपछि दुवै टोलीबाट थप गोलको प्रयास भए पनि सफल हुन सकेन ।एनआरटीले अग्रता जोगाउन रक्षात्मक संयमता देखायो भने चित्लाङले बराबरी गोलका लागि अन्तिम समयसम्म दबाब सिर्जना गर्ने प्रयास गरेको थियो । तर समग्रमा खेल नियन्त्रण र अवसर सिर्जनाको हिसाबले एनआरटी केही अघि देखियो ।

यो जितसँगै एनआरटीले लिगमा आफ्नो पाँचौं जित दर्ता गरेको छ । नौ खेल खेलेको एनआरटीले १९ अंक जोड्दै उपाधि होडमा आफ्नो स्थिति बलियो बनाएको छ । निरन्तर अंक संकलनले टोलीको स्थायित्व र रणनीतिक स्पष्टता देखाएको विश्लेषकहरू बताउँछन् ।उता, चित्लाङ फुटबल क्लबका लागि भने यो हार चुनौतीपूर्ण सावित भएको छ। नौ खेलबाट जम्मा ७ अंक जोडेको चित्लाङले चौथो हार व्यहोरेको हो । लिगको मध्य चरण पार गरिरहँदा टोलीले प्रदर्शन सुधार गर्नुपर्ने दबाब बढेको छ ।राष्ट्रिय लिग फुटबल प्रतियोगिता नेपाली फुटबलको प्रतिस्पर्धात्मक स्तर मापन गर्ने प्रमुख मञ्चका रूपमा हेरिन्छ । यस लिगमार्फत युवा खेलाडीहरूलाई अवसर प्राप्त हुने तथा क्लबस्तरको संरचना सुदृढ हुने अपेक्षा गरिएको हुन्छ। राजधानीमा भइरहेका खेलहरूले दर्शक सहभागिता पनि बढाउँदै लगेको छ ।एनआरटीको पछिल्लो प्रदर्शनले टोलीमा आक्रमण र मध्यपङ्क्तिबीच सन्तुलन कायम रहेको संकेत दिएको छ । यद्यपि आत्मघाती गोलजस्ता कमजोरीहरू सुधार्न सकेमा टोली अझ सशक्त देखिन सक्छ । अर्कोतर्फ, चित्लाङले रक्षात्मक समन्वय र अवसर सदुपयोगमा ध्यान दिनुपर्ने आवश्यकता स्पष्ट देखिएको छ ।समग्रमा शुक्रबारको खेल प्रतिस्पर्धात्मक र रोमाञ्चक रह्यो । प्रारम्भिक अग्रता, आत्मघाती गोलमार्फत बराबरी र त्यसपछि निर्णायक गोल यी तीनै घटनाले खेललाई रोचक बनायो ।एनआरटीका लागि यो जित केवल तीन अंकको उपलब्धि मात्र नभई लिगको आगामी चरणमा आत्मविश्वास बढाउने अवसर पनि हो ।

## विश्व महिला क्रिकेटमा अस्ट्रेलियासँग भारत पराजित



काठमाडौँ, १७ फागुन । विश्व महिला क्रिकेटमा आफ्नो वर्चस्व निरन्तरता दिँदै अस्ट्रेलिया महिला राष्ट्रिय क्रिकेट टोली ले विश्व च्याम्पियन भारत महिला राष्ट्रिय क्रिकेट टोली विरुद्धको एकदिवसीय (ओडिआई) सिरिज ३-० ले क्लिन स्विप गरेको छ। आइतबार भएको तेस्रो तथा अन्तिम खेलमा १ सय ८५ रनको फराकिलो जित हात पार्दै अस्ट्रेलियाले सिरिजमा एकतर्फी प्रभुत्व स्थापित गरेको हो ।

यस जितको केन्द्रमा रहिन् कप्तान एलिसा हिली, जसले आफ्नो अन्तिम ओडिआई खेललाई स्मरणीय बनाउँदै विस्फोटक शतक प्रहार गरिन् ।

१२६औँ तथा अन्तिम ओडिआई खेल्दै हिलीले ९८ बलमा १५८ रनको सानदार इनिङ खेलिन् । उनले २७ चौका र २ छक्का प्रहार गर्दै भारतीय बलिङ आक्रमणलाई निरन्तर दबाबमा राखिन् । यो उनको ओडिआई करियरको आठौँ शतक हो ।हिलीको आक्रामक ब्याटिङले अस्ट्रेलियाको पारीलाई उच्च स्कोरतर्फ डोऱ्यायो। उनले दोस्रो विकेटका लागि जर्जिया भोलसँग १३४ रनको साझेदारी गरिन्। भोलले ५२ बलमा ६२ रन जोड्दै महत्वपूर्ण साथ दिइन् ।त्यसपछि विकेटकिपर ब्याटर बेथ मुनी सँग तेस्रो विकेटका लागि १४५ रनको सुदृढ साझेदारी बन्यो । मुनीले ८४ बलमा १० चौका र १ छक्कासहित अविजित १०६ रन बनाइन् । अन्त्यतिर एनेबल सदरल्यान्ड (२३ रन) र निकोला केरी (१५ बलमा ३४ रन) ले तीव्र गतिमा रन थपेपछि अस्ट्रेलियाले ७ विकेट गुमाएर ४०९ रनको विशाल योगफल खडा गऱ्यो ।४ सयभन्दा बढी रन बनाउनु महिला ओडिआई क्रिकेटमा दुर्लभ उपलब्धि मानिन्छ, जसले अस्ट्रेलियाको ब्याटिङ गहिराइ र आक्रमणशीलता दुवै झल्काएको छ । भारतीय बलिङ आक्रमणले सुरुदेखि नै लय समात्न सकेन । स्नेह रानाले २ विकेट लिए पनि अन्य बलरहरू महँगा सावित भए। विशेषगरी श्री चरानीले १०६ रन खर्चेर २ विकेट लिए । ओडिआई क्रिकेटमा १०० भन्दा बढी रन खर्चने बलरको सूचीमा उनी तेस्रो खेलाडी बनेकी छिन्, जुन भारतका लागि चिन्ताको विषय बनेको छ ।४१० रनको विशाल लक्ष्य पछ्याएको भारत सुरुआतदेखि नै दबाबमा रह्यो। स्मृति मन्धाना दोस्रो ओभरमै आउट भएपछि भारतीय पारी अस्थिर बन्यो ।

प्रतिका रावल र जेमिमाह रोड्रिग्सले ५४ रनको साझेदारी गर्दै केही आशा जगाए । रावलले २७ तथा रोड्रिग्सले ४२ रन जोडिन् ।

मध्यक्रममा दीप्ति शर्मा (२९ रन) र स्नेह राना (४४ रन) ले आठौँ विकेटका लागि ६३ रनको संघर्षपूर्ण साझेदारी गरे पनि टोलीलाई लक्ष्य नजिक पुऱ्याउन पर्याप्त भएन। अन्ततः भारत ४५.१ ओभरमा सबै विकेट गुमाउँदै २२४ रनमै समेटियो । अस्ट्रेलियाका लागि अलाना किङले ४ विकेट लिएर बलिङतर्फ उत्कृष्ट प्रदर्शन गरिन् ।ओडिआई सिरिजअघि सम्पन्न तीन खेलको टी-ट्वान्टी सिरिजमा भने भारत २-१ ले विजयी भएको थियो। तर एकदिवसीय प्रारूपमा अस्ट्रेलियाले अनुभव र स्थायित्व देखाउँदै स्पष्ट श्रेष्ठता प्रमाणित गऱ्यो । दुई सिरिजको समग्र अंकतालिकामा अस्ट्रेलियाले ८ र भारतले ४ अंक जोडेका छन् । यी दुई शक्तिशाली टोलीबीच अब एक मात्र टेस्ट खेल मार्चमा सुरु हुनेछ । उक्त टेस्ट खेलले दुवै टोलीको रणनीतिक तयारी र मानसिक दृढताको पुनःपरीक्षण गर्ने अपेक्षा गरिएको छ ।

तेस्रो ओडिआई केवल जित मात्र नभई एलिसा हिलीका लागि ऐतिहासिक बिदाइ पनि रह्यो ।

मनोरञ्जन

## फिल्म 'मितज्यू'ले आफ्नो औपचारिक प्रचार यात्रा सुरु

*-सिटीपोष्ट सम्वाददाता*

काठमाडौँ, १७ फागुन । छायांकन सम्पन्न भएको केही दिनमै फिल्म ' मितज्यू'ले आफ्नो औपचारिक प्रचार यात्रा सुरु गरेको छ । शनिबार मात्र सुटिङ सकिएको यस फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गरिएसँगै निर्माण पक्षले कथावस्तुको संकेत दर्शकमाझ पुऱ्याउने प्रयास गरेको हो । गत वर्ष माघ महिनामा निर्माण घोषणा गर्दा सार्वजनिक गरिएको पेन्टिङ पोस्टरकै अवधारणालाई आधार मानेर तयार पारिएको यो नयाँ पोस्टरले फिल्मको भावभूमि र पात्रबीचको सम्बन्धलाई दृश्यात्मक रूपमा प्रस्तुत गरेको छ ।पोस्टरमा दयाहाङ राई र सौगात मल्लबीच पञ्जा लडाइँको दृश्य देखाइएको छ, जसले पात्रहरूबीचको प्रतिस्पर्धा र आत्मसम्मानको संघर्षलाई प्रतीकात्मक रूपमा संकेत गर्छ । त्यस्तै, तेरिया फौजा मगर मालवाहक गाडीको बोनटमाथि बसेकी अवस्थामा प्रस्तुत छिन् । मगर समुदायको मौलिक पहिरनमा देखिएकी उनी पोस्टरमा केही रिसाएको भावमा चित्रित छिन्, जसले प्रेम, अहंकार र सामाजिक द्वन्द्वको जटिलता झल्काउने प्रयास गरेको देखिन्छ । पृष्ठभूमिमा पहाडी भूगोल समेटिएको छ, जसले कथाको परिवेश ग्रामीण र पहाडी समाजसँग जोडिएको हुनसक्ने संकेत दिन्छ । फिल्म मितज्यूलाई अनिल बुढा मगरले निर्देशन गरेका हुन् भने निर्माण जनक घर्ती मगरको रहेको छ । मुख्य कलाकारत्रयसँगै पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, उत्तम राज पाण्डे, सविन कट्टेल, उमेश सोनाम, पवित्रा खड्का तथा खड्गबहादुर पुन मगर (खबपु)लगायत कलाकारको अभिनय रहेको छ ।

प्राविधिक पक्षतर्फ शिशिर बिशंखेको छायांकन, लोकेश बज्राचार्यको सम्पादन, प्रभात विष्टको द्वन्द्व निर्देशन, नवीन श्रेष्ठको साउन्ड डिजाइन तथा श्रीकृष्ण बम मल्लको संगीत रहेको छ । यसले फिल्मलाई प्राविधिक रूपमा पनि सशक्त बनाउने अपेक्षा गरिएको छ ।

देशभर वितरणको जिम्मा आरआर फिल्म्सले लिएको छ, जसको नेतृत्व रोहित-रत्न समूहले गर्दै आएको छ । गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते प्रदर्शन मिति तय गरिनु पनि रणनीतिक




कदमका रूपमा हेरिएको छ, किनकि सार्वजनिक बिदाको अवसरले दर्शक उपस्थितिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिन्छ ।पोस्टरले प्रेम त्रिकोणको कथा मात्र होइन, पात्रहरूको आत्मसम्मान, सामाजिक प्रतिष्ठा र समुदायगत पहिचानबीचको टकरावलाई पनि केन्द्रमा राखिएको संकेत दिएको छ । विशेषतः मगर समुदायको सांस्कृतिक पहिरन र पहाडी परिवेशको प्रयोगले स्थानीय कथालाई मुख्यधारमा ल्याउने प्रयास देखिन्छ । पछिल्ला वर्षहरूमा नेपाली सिनेमा मौलिक कथा र पहिचानमुखी विषयवस्तुतर्फ उन्मुख भइरहेको सन्दर्भमा ' मितज्यू' पनि त्यही प्रवृत्तिको निरन्तरता हो कि भन्ने जिज्ञासा स्वाभाविक छ ।छायांकन सम्पन्न भएसँगै सार्वजनिक गरिएको फर्स्टलुकले फिल्मप्रति प्रारम्भिक उत्सुकता जगाएको छ । अब कथा प्रस्तुति, पात्र विकास र भावनात्मक गहिराइमार्फत दर्शक अपेक्षा कसरी पूरा गरिन्छ भन्ने पक्ष नै यसको सफलताको निर्णायक आधार बन्नेछ ।

## राष्ट्रभावले ओतप्रोत गीत 'देश हो बगैंचा' सार्वजनिक

*-सिटीपोष्ट सम्वाददाता*

काठमाडौँ, १७ फागुन । देशप्रेम केवल राष्ट्रिय झण्डा फहराउने, राष्ट्रिय गान गाउने वा विशेष दिनमा उत्साह व्यक्त गर्ने भावनामा मात्र सीमित हुँदैन। देशप्रेम त आफ्नै माटो, भाषा, संस्कृति, इतिहास र पहिचानप्रति गहिरो आत्मीयता राख्ने चेतना हो । देशप्रेम त्यो अनुभूति हो जसले आफू जन्मिएको भूमिलाई आमाजस्तै माया गर्न सिकाउँछ र त्यसको समृद्धिका लागि आफ्नो तर्फबाट केही योगदान गर्न प्रेरित गर्छ । नेपालजस्तो प्राकृतिक र सांस्कृतिक रूपमा सम्पन्न देशमा देशप्रेमको अर्थ झन् व्यापक हुन्छ । विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरव, हिमाल-पहाड-तराईको विविधता, अनेक जातजाति र भाषाको सहअस्तित्व यी सबै हाम्रो राष्ट्रिय पहिचानका मूल आधार हुन् ।

यी सम्पदाको संरक्षण गर्नु, एकअर्काको सम्मान गर्नु र सामाजिक सद्भाव कायम राख्नु नै साँचो देशप्रेम हो । देशप्रेम केवल शब्दमा होइन, कर्ममा देखिनुपर्छ । इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गर्नु, नियम-कानूनको पालना गर्नु, भ्रष्टाचार र अन्यायको विरोध गर्नु, वातावरण जोगाउनु र समाजमा सकारात्मक योगदान दिनुयी सबै देशप्रेमका व्यवहारिक रूप हुन् । देशले हामीलाई पहिचान दिन्छ; त्यसैले हामीले पनि देशलाई योगदान दिनुपर्छ ।

देशप्रेम उत्साह र बलिदानको कथा मात्र पनि होइन यो निरन्तर जिम्मेवारीको अभ्यास हो । जब प्रत्येक नागरिकले आफ्नो स्थानबाट सुकर्म र समर्पणको बाटो रोज्छ, तब मात्र देश साँच्चिकै समृद्ध र सुन्दर बन्छ।

यही सक्रिय र सकारात्मक भावना नै सच्चा देशप्रेम हो, देश प्रेमका यस्तै भावले ओतप्रोत 'देश हो बगैंचा' राष्ट्रप्रेम, एकता र सामूहिक जिम्मेवारीको भावनाले भरिएको एक सशक्त र भावपूर्ण देशभक्ति गीत सार्वजनिक भएको छ जुन गीतले नेपाललाई एउटा सुन्दर बगैंचाको रूपमा चित्रण गर्दै हरेक नेपालीलाई त्यसको 'माली' अर्थात 'कुशल बगैंचावाला' को रूपमा प्रस्तुत गरेको छ । गीतले देशको सुन्दरता, समृद्धि र स्वर्गीय बनाउने काम गुनासो, आलोचना वा दोषारोपणले होइन, मेहनत, आँट, सुकर्म



र सामूहिक प्रयासले मात्र सम्भव छ भन्ने भाव बोलेको छ ।राष्ट्रभावले ओतप्रोत गीत 'देश हो बगैंचा' बलदेब थापाले लेखेका हुन् । यो गीतमा सुमधुर स्वर र संगीत बबिना भट्टराईको रहेको छ, उनको स्वर तथा संगीतले गीतलाई भावनात्मक उचाइ दिएको छ भने उनलाई स्वरमा प्रेक्षा लम्साल, ममता गुरुङ, केशव बादी, ऐ.जे अजु, निर्मल दियालीले साथ दिएका छन्, सामूहिक स्वर प्रयोगले गीतमा बहुआयामिकता र सामूहिकताको भाव थपिएको छ ।गीतको एरेन्ज पुरुषोत्तम सुवेदीले गरेका हुन् भने ड्रिम्स स्टुडियोमा प्रकाश के.सी ले रेकर्ड, मिक्सिङ र मास्टरिङ गरेका छन् । प्राविधिक पक्ष सुदृढ रहेकाले गीतको ध्वनि गुणस्तर पनि सन्तुलित र प्रभावशाली बनेको छ ।'

बबिना भट्टराई' अफिसियल युट्व च्यानलबाट सार्वजनिक भएको यो गीतको भिडियोमा प्रेम खनाल, बबिना भट्टराई, प्रेक्षा लम्साल, ममता गुरुङ, केशव बादी, ऐ.जे अजु, निर्मल दियालीले भूमिका निर्वाह गरेका छन् भने भिडियोमा गीतकार बलदेव थापा, हरिराम पौडेल, रामेश्वर के.सी, आशिष खतिवडा, लक्ष्मी खरेलले राष्ट्रिय झण्डा फहराएर देखाएको दृश्यले राष्ट्रप्रेमको सन्देशलाई दृश्यात्मक रूपमा शसक्त एवं बलियो बनाएको छ ।

सम्पादक/प्रकाशकः नेत्रप्रसाद न्यौपाने (प्रकाश) कार्यालय : चावहिल, काठमाडौं फोन/फयाक्स : ४५१६९६१ Website : www.citypostdaily.com E-mail : citypostdaily2004@gmail.com citypostdaily2001@yahoo.com मुद्रण : एक्सप्रेस कलर प्रेस